# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १३ | अंक ५३ | काठमाडौं | सोमबार, १ असार २०८३ | Prabhab National Daily | Monday, 15 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।–


# कांग्रेसको संस्थापनइतर पार्टी फुटाउन 'तयार'



नेपाली कांग्रेसको संस्थापनइतर पक्षले आइतबार विराटनगरमा आयोजना गरेको भेलामा सहभागी नेताहरू । *तस्बिरः प्रभाव*

हाम्रो पार्टी फुटिसक्यो । यो दुर्भाग्यपूर्ण हो । गगन एक्लैले पार्टी चलाउन सक्दैनन् ।

**डा. शशांक कोइराला**
पूर्वमहामन्त्री

कांग्रेसलाई इतिहासकै कमजोर बनाउने काम विभिन्न नाटकबाट भयो । त्यसको मुख्य पात्र वा खलनायक भन्नुस्, हाम्रा अहिलेका सभापति गगनजी हुनुहुन्छ । उहाँको नेतृत्वमा पार्टी मिल्छ भनेर के आश गर्ने ?

**मोहन बस्नेत**
कांग्रेस नेता

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** विशेष महाधिवेशनपछि संस्थापनबाट इतरपक्ष बन्न बाध्य शेरबहादुर देउवा र डा. शेखर कोइराला समूहले आफूहरू एक भएर पार्टी फुटाउन तयार भएको सन्देश दिएका छन् । लामो समयदेखि सभापति गगन थापासँग असन्तुष्ट देउवा र शेखर समूह आइतबार विराटनगरमा भेला भएर पार्टी फुटाउन आफूहरू तयार भइसकेको सन्देश दिएका हुन् ।

यो सन्देशसँगै देउवा र शेखर समूहले डा. शेखरलाई साझा नेताका रुपमा अघि सार्ने तयारीसमेत गरेका छन् । कांग्रेसका पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पार्टी फुटिसकेकोले सभापति थापाले पार्टी चलाउन नसक्ने दाबी गरे । कांग्रेसका पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पार्टी फुटिसकेको बताएका हुन् । 'हाम्रो पार्टी फुटिसक्यो । यो दुर्भाग्यपूर्ण हो,' शशांकले भने, 'यो सर्वोच्चले फुटाएको हो । गाउँभरि कांग्रेस छ । तर भोट गएन ।'

जेन-जी विद्रोहपछि कांग्रेसमा गत पुस मसान्तमा विशेष महाधिवेशन आयोजना भएको थियो । उक्त विशेष महाधिवेशनले गगनको नेतृत्वमा नयाँ कार्यसमिति चयन गर्दा देउवा र शेखर समूहले भने बहिस्कार गरेको थियो । उक्त समूहले पार्टी आधिकारिकता दाबी गर्दै निर्वाचन आयोगदेखि सर्वोच्च अदालत पुगे पनि गगनकै नेतृत्वमा चयन भएको कार्यसमितिलाई वैधानिकता प्रदान गरेको थियो । योसँगै असन्तुष्ट समूह भेलामार्फत शक्ति प्रदर्शनमा लागेको हो ।

शशांकले आफू डा. शेखर समूहमै रहेकोले उनकै नेतृत्वमा अघि बढ्नेसमेत बताए । कांग्रेस नेता बलबहादुर केसीले शेखरलाई नेतृत्व लिएर अगाडि बढ्न आग्रह गरे । 'नेपाली कांग्रेसलाई मिलाएर लिएर जानुपर्छ । यसको नेतृत्व शेखर कोइरालाले लिनुभएको छ, हामीले साथ दिनुपर्छ,' केसीले भने ।

अर्का नेता कृष्णप्रसाद सिटौलाले अनावश्यक नाटक बन्द गरी विवाद समाधानका लागि साहस देखाउन सभापति थापाको ध्यानाकर्षण गराए । 'विवाद के होला भनेर नडराउनुस्, १० मिनेटमै कुरा टुंगिन्छ । यो साहस तपाईंको हृदयबाट आउनुपर्छ । लेख्ने र मेटाउने शक्ति तपाईंहरूसँगै छ, अब एकमुष्ट निर्णय गरेर अघि बढ्नुस्,' सिटौलाले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

# रास्वपा र वालेन्द्र सरकारको गिर्दो साख

## चन्दादेखि कर हेरफेरसम्मका विवादले धमिलिँदै छवि

- चन्दा संकलनमा रास्वपा
- राजनीतिक नियुक्ति विवादित
- कर हेरफेर गरेर अर्थमन्त्रीले आर्थिक अपराध गरेको आरोप
- अपारदर्शी शासनशैली अपनाएको भन्दै प्रधानमन्त्री शाहको विरोध
- संसद् र लोकतान्त्रिक प्रक्रिया मिचेको भन्दै आलोचना
- सुकुमबासी व्यवस्थापन र जनजीविको मुद्दामा बेवास्ता




**■ जेबी योञ्जन**

**काठमाडौं–** 'नयाँ शक्ति', 'जान्नेलाई छान्ने', 'देश बदल्ने', 'सुशासन' र 'पारदर्शिता'को आकर्षक नाराका साथ सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उही पुरानो शासकीय प्रवृत्ति दोहोऱ्याएको आरोप लागेको छ । सरकार गठन भएको तीन महिना नपुग्दै प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपाको राजनीतिक छवि धुमिलिन थालेको छ ।

खुलमखुला चन्दा संकलनका कारण पार्टी आलोचित बनेको छ । यता करको दर हेरफेर, विवादित ढंगको राजनीतिक नियुक्ति, प्रधानमन्त्री शाह र उनका मन्त्रीहरूको विवादित गतिविधि तथा अभिव्यक्ति, संसद्को अवमूल्यन, विधिको शासनको धज्जी उडाउने प्रयत्नदेखि गरिबलाई नीति तथा कार्यक्रम र बजेटमार्फत राहत दिन नसकेको भन्दै रास्वपा र वालेन्द्र सरकारप्रति नकारात्मक टिप्पणी भइरहेको छ ।

राजनीतिशास्त्री लोकराज बराल यो सकारात्मक संकेत नभएको टिप्पणी गर्छन् । प्रधानमन्त्री शाहले भ्रष्टाचार नियन्त्रणका लागि केही कदम चाले पनि उनले यसबीचमा जे-जे गरे, ती राम्रा काम नभएको बराल बताउँछन् । उनले भने, 'भ्रष्टाचार हटाउने, राजनीतिमा देखिएको विकृति अन्त्य गर्ने प्रतिबद्धता देखिन्छ । तर, अहिलेसम्म जनतालाई प्रत्यक्ष राहत दिनेखालका कार्यक्रम देखिएका छैनन् । बजारमा महँगी बढेकै छ । शासनशैली पनि पारदर्शी छैन, जनमुखी छैन ।'

बरालका अनुसार प्रधानमन्त्री शाह शाहको कार्यशैली संसदीय लोकतन्त्रका लागि खतरनाक छ । 'बालुवाटारमा के हुँदै छ थाहा छैन, सिंहदरबारमा के हुँदै छ थाहा छैन । सार्वजनिक संवाद न्यून छ । मन्त्रीहरूसमेत प्रधानमन्त्रीसँग कति सहजरूपमा भेट्न पाउँछन् भन्ने प्रश्न उठ्ने अवस्था छ,' उनले भने, 'लोकतन्त्रमा जनतासँगको संवाद र पारदर्शिता अत्यन्त महत्त्वपूर्ण हुन्छ ।'

सभापति रवि र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यसअघि पटक-पटक ३५ वर्षसम्म पुराना दलहरूले लुटतन्त्र मच्चाएको आरोप लगाए । तर, आइतबार सार्वजनिक भयो कि रास्वपाले अधिवेशनका लागि भन्दै चन्दा अशुलीधन्दा चलाएको छ । कञ्चनपुरको कृष्णनगर नगरपालिकाको पार्टी समितिले एक व्यवसायीलाई ३० हजार रुपैयाँ चन्दा मागेको देखिन्छ । यसले रास्वपा पनि लुटतन्त्रमा लागेको देखिएको टिप्पणी भइरहेको छ ।

सामाजिक सञ्जाल फेसबुकमा नुवाहाङ राईले लेखेका छन्, 'ठग्नु, लुट्नुबाहेक के जानेको छ र यिनीहरूले ?'

निर्वाचनअघि रास्वपाले पुराना दलमाथि भागबण्डा, राजनीतिक नियुक्ति, भ्रष्टाचार, अपारदर्शिता र सत्ता दुरुपयोगको आरोप लगाएको थियो । सुसंस्कृत राजनीतिको वकालत गरेको थियो । देश बदल्ने संकल्प जनतामाझ गरेको थियो । विश्वविद्यालयमा दलीयकरण अन्त्य गर्ने बताएका थिए । तर, सत्ता सञ्चालनको सुरुआती चरणमै सरकारका केही निर्णय विवादमा परेका छन् ।

हालै रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीले विश्वविद्यालयको पदाधिकारी नियुक्तिमा रास्वपाको झण्डा बोकेको वा भोट मागेको व्यक्तिलाई एक नम्बर दिइने बताए । यो भनाइले विश्वविद्यालयहरूको पदाधिकारीमा रास्वपा आफ्ना दलप्रति भक्त र सहयोगीलाई नियुक्त गर्न चाहेको देखाउँछ ।

⏭ क्रमशः पृष्ठ २ मा



संसद्प्रति प्रधानमन्त्रीको उत्तरदायित्व रहन्छ तर जसरी छल्ने र कहिलेकाहीँ छापामार शैलीमा उपस्थित हुने शैली संसदीय लोकतन्त्रका लागि राम्रो होइन ।

**भीष्मराज आंदेम्बे**
विपक्षी नेता



जनतालाई प्रत्यक्ष राहत दिने खालका कार्यक्रम देखिएका छैनन् । बजारमा महँगी बढेकै छ । शासनशैली पनि पारदर्शी छैन, जनमुखी छैन ।

**लोकराज बराल**
राजनीतिशास्त्री



सरकार जनादेश र बाचापत्रको दायाँबायाँ छैन, होलान् केही कमजोरी भयो होला तर तिललाई पहाड बनाउनुपर्ने अवस्थाको होइन, यो प्रवृत्ति सच्याइनुपर्छ ।

**समीक्षा बास्कोटा**
प्रतिनिधिसभा सदस्य, रास्वपा

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रमिकको आवश्यकता र चाहनाअनुसार पुनःएकीकरणमा जोड

**■ ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको पुनःएकीकरण गर्दा उनीहरूको चाहना र आवश्यकतालाई ध्यान दिनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । आइतबार यहाँ आयोजित वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनःएकीकरणसम्बन्धी नीतिगत संवादमा बोल्ने वक्ताहरूले यस्तो बताएका हुन् ।

नेपाल नगरपालिका संघको आयोजनामा भएको कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी निर्देशिका, २०८३ कार्यान्वयनका लागि छलफल गरिएको थियो । सो क्रममा प्रतिनिधिसभा सदस्य रहबर अन्सारीले वैदेशिक रोजगारबाट फर्किने सबै जनामा उद्यमी बन्ने इच्छाशक्ति नहुने बताए । राज्यले लगानी गर्नेबित्तिकै सबैजना उद्यमी बनिहाल्छन् भन्नु भ्रम भएको प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापतिसमेत रहेका अन्सारीले बताए ।




'वैदेशिक रोजगारीमा गएकाहरू फिर्ता आइसकेपछि अब उद्यमी बन्छन् भन्नु एउटा बुबाले आफ्नो छोरा डाक्टर बन्छ भन्नुजस्तै हो । सबै रिटर्नी उद्यमी बन्दैनन् । सबैजना त्यसतर्फ इच्छुक हुँदैनन् । हामीले सहजीकरणमात्र गरिदिने हो,' उनले भने ।

रिटर्नीसम्बन्धी नीतिले स्थानीय सरकारको हस्तक्षेपकारी भूमिका नहुँदासम्म लाभ दिन नसक्ने सांसद अन्सारीको भनाइ छ । स्थानीय सरकारले यसको विभिन्न पक्षलाई सूक्ष्मरुपमा अध्ययन गर्नुपर्ने उनको सुझाव छ । 'रोजगारीबाट फर्किनेहरू सधैं अनुभव, सीप र पुँजी लिएर आउँदैनन् । कहिलेकाहीँ कुलत पनि लिएर आएका हुन्छन्,' उनले भने, 'कहिलेकाहीँ वर्षौंसम्मको पीडा लिएर र उल्टै ऋणमा डुबेर पनि आउँछन् । स्थानीय तहबाट सोच्दा सूक्ष्म रुपमा सोच्नुपर्छ ।'

नेपाल सरकारका पूर्वसचिव पूर्णचन्द्र भट्टराईले पुनःएकीकरणसम्बन्धी सबैभन्दा महत्त्वपूर्ण भूमिका स्थानीय सरकारले निभाइरहेको बताए । स्थानीय सरकारले रोजगार सेवा केन्द्रको सञ्चालन, फर्किएकाहरू सञ्जाल निर्माण, पुनःएकीकरणका लागि सिफारिस, जागरुकता अभिवृद्धि गर्नेजस्ता काम गरिहेको उनको भनाइ छ । पुनः एकीकरण कार्यक्रम ल्याउँदा श्रमिक कस्तो अवस्थामा फर्किएको छ र उसको आवश्यकता के हो भन्ने विषयलाई ध्यानमा राख्नुपर्ने उनको भनाइ छ ।

'सामान्यतया चार किसिमका कामदार रोजगारीबाट फर्किन्छन् । वैदेशिक रोजगारीमा सफल तर स्वदेशमा के गर्ने भन्ने अन्योलमा भएका, न नाफा न घाटाको अवस्थामा रहेका, आर्थिकरुपमा असफल भइ ऋणको भारी बोकेर फर्किनेहरू र शारीरिक तथा मानसिक हिंसामा परी शोषित भएर फर्किनेहरू,' उनले भने, 'एउटै किसिमको कार्यक्रम सबैलाई फिट हुँदैन । क्याटगोरीअनुसार कार्यक्रम बनाउनु आवश्यक छ ।'

प्रशासकीय अदालतका पूर्वअध्यक्ष काशीराज दाहालले उक्त निर्देशिकाले रोजगारीबाट फर्किनेहरूको सामाजिक, आर्थिक र मनोवैज्ञानिक एकीकरणका पक्षलाई ध्यान दिनुपर्ने बताए ।

⏭ क्रमशः पृष्ठ २ मा


**योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिबद्धता**

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसर को उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं।

"**लोक सेवा आयोगको प्रतिबद्धता:** प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता ।"

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

## रास्वपा र वालेन्द्र...

बुर्लाकोटीको अभिव्यक्तिप्रति त्रिवि स्ववियु सभापति दीपकराज जोशीले गम्भीर आपत्ति जनाएका छन् । आइतबार विज्ञप्ति जारी गर्दै जोशीले भने, 'माननीय कविन्द्र बुर्लाकोटीको अभिव्यक्तिले हाल त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिलगायत विभिन्न पदाधिकारीहरूको नियुक्ति प्रक्रियामासमेत सत्ताधारी दलको अनुचित हस्तक्षेप हुँदै विश्वविद्यालय रास्वपाकरण हुने शंका उब्जिएको छ ।'

वालेन्द्र सरकार पूरापूर अपादर्शी भएको आरोपको सामना पनि गरिरहेको छ । कारण, विवादित व्यवसायी दीपक भट्टसमेत रहेको एक लघु बिमा कम्पनीमा रास्वपाबाट गृहमन्त्री भएका सुधन गुरुङको सेयर लगानी रहेको विवादपछि गुरुङले राजीनामा दिए र छानबिन समिति बन्यो । समितिले प्रधानमन्त्री शाहलाई प्रतिवेदन बुझायो, सरकारका प्रवक्ता सस्मित पोखरेलले समितिको प्रतिवेदन ग्रहण गर्ने निर्णय सुनाए र तर सार्वजनिक गरेनन् । यद्यपि, आरोपबाट सफाइ पाएको भन्दै सुधन गृहमन्त्रीमा फर्किसकेका छन् । प्रतिवेदन भने गोप्य राखिएको छ ।

कांग्रेस सांसद गंगालक्ष्मी अवालले प्रतिवेदन सार्वजनिक नगरी सुधनलाई गृहमन्त्री बनाउनु लोकतान्त्रिक शासन प्रणालीको खिलापको गतिविधि भएको बताइन् । 'जसले पारदर्शिताको चर्को नारा लगायो आज उसकै सरकारले प्रतिवेदन सार्वजनिक गर्दैन, लुकाउँछ र सफाइ पायो भन्दै मन्त्री बनाउँछ,' उनले भनिन्, 'यसले लोकतन्त्रलाई कमजोर बनाउँछ । किनभने पारदर्शिता लोकतन्त्रको अभिन्न अंग हो ।' भनिन्छ, संसद्मा बजेट प्रस्तुत भइसकेपछि कमा, पूर्णविराम केही थपिँदैन । तर, बजेटको १९ पेज गायबमात्रै भएन र अर्थमन्त्री वाग्लेले संसद् बैठकमा भने, 'तीन-चारवटा शीर्षकको कर हेरफेर गरेँ, यसअघि त ७३ वटा करको दर हेरफेर गरिएको थियो ।'

पूर्वअर्थमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद वर्षमान पुनले अर्थमन्त्री वाग्लेले आर्थिक अपराध गरेको दाबी गरे । उनलाई संसदीय छानबिन समिति गठन गरेर अनुसन्धानको दायरामा ल्याउनुपर्ने माग गरे । एमाले संसदीय दलका प्रमुख सचेतक ऐन महर, कांग्रेस संसदीय दलका सचेतक निश्कल राईदेखि राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले अर्थमन्त्री वाग्लेले बिवाइडी गाडीकी नेपाल प्रतिनिधि युनिषा श्रेष्ठको कम्पनीलाई फाइदा पुग्नेगरी करसम्बन्धी सूचना चुहाएर देशलाई दुई अर्ब ५० करोड रुपैयाँभन्दा बढी क्षति पुऱ्याएको दाबी गर्दै राजीनामा मागेका छन् । उनीमाथि संसदीय छानबिन समिति गठन अनिवार्य भएको भन्दै सरकारमाथि दबाब बढाएको छ ।

यसपछि अर्थमन्त्री वाग्लेको नागरिकस्तरबाट चर्को विरोध भएको छ । लुटतन्त्रको अन्त्य गर्ने भन्ने उनी आफैं उल्टो बाटोमा लागेको भन्दै उनको कडा शब्दमा आलोचना भइरहेको छ । अर्कोतर्फ प्रधानमन्त्री शाहले १७ जेठमा संसद्को रोस्ट्रमबाटै 'नेपालले पनि भारतीय सीमा मिचेको रहेछ' भनेपछि अहिलेसम्म विवादित छन् । उनले नेपाललाई सीमा अतिक्रमणकारी देशको रूपमा चिनाएपछि नेपालले वर्षौंदेखि ऐतिहासिक दस्तावेज र प्रमाणका आधारमा कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नै भन्दै गरेको दाबी कमजोर भएको भन्दै कूटनीतिज्ञ र सीमाविद्हरूले चिन्ता प्रकट गरेका छन् ।

प्रधानमन्त्री शाहको रहस्यमयी र शंकास्पद यो अभिव्यक्ति त्यसबेला आयो, जतिबेला उनकै दल रास्वपाका सभापति रवि लामिछाने भारत भ्रमणमा जान लागेका थिए । उनको यस्तो अभिव्यक्तिलाई लिएर विपक्षी दलहरूले पटक-पटक संसद् अवरोध पारे, संसद्को रोस्ट्रमबाटै प्रधानमन्त्री शाहले देशवासीसँग क्षमायाचना गर्नुपर्ने माग राखे । तर, विपक्षीहरू २७ जेठमा अकस्मात् अडानबाट पछि हटे । सदन खुल्यो । तर, काठमाडौं महानगरपालिकाको प्रमुख छँदा आफ्नो कुर्सी पछाडि ग्रेटर नेपालको नक्सा राख्ने र पूर्वप्रधानमन्त्री केपी शर्मा ओली २०८२ को साउनमा चीनमा जाँदा लिपुलेक हाम्रै हो भनेर चीनलाई भन्नू भनेर राष्ट्रवादी नेताको छवि बनाउन खोजेको तर त्यो उनको खोक्रो राष्ट्रवाद खुलेको कतिपयले टिप्पणी गरेका छन् ।

यतिमात्रै होइन, उनले पटक-पटक संसद् छलेर सार्वभौम संसद्को अवमूल्यन गरेका छन् । प्रमुख विपक्षी नेता भीष्मराज आङ्देम्बे वालेन्द्रको यो शैली लोकतन्त्रका लागि खतरा रहेको बताउँछन् । 'प्रधानमन्त्री संसद्को सदस्य पनि हो । त्यसैले संसद्प्रति प्रधानमन्त्रीको उत्तरदायित्व रहन्छ तर जसरी छल्ने र कहिलेकाहीँ छापामार शैलीमा उपस्थित हुने शैली संसदीय लोकतन्त्रका लागि राम्रो होइन,' उनले भने ।

वालेन्द्र सरकारको राजनीतिक नियुक्ति पनि विवादित भएको छ । अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको अध्यक्ष डा. आनन्दराज भाट छैटौं नम्बरमा हुँदाहुँदै पर्यटनमन्त्री खडकराज पौडेलले उनलाई नियुक्त गरे । सर्वोच्च अदालतले नियुक्तिको उक्त निर्णय बदर गऱ्यो । भाट नेपाली सेनाका भूतपूर्व अधिकारी हुन् ।

यसअघि प्रधानमन्त्री शाहले सर्वोच्च अदालतमा प्रधानन्यायाधीश नियुक्तिमा पनि वरिष्ठता, परम्परा र विधि मिचे । चौथो वरीयताका न्यायाधीश मनोजकुमार शर्मा प्रधानन्यायाधीश नियुक्त भए । पहिलो वरियताकी न्यायाधीश सपना प्रधान मल्ललाई पाखा लगाए । त्यसबेला विपक्षी दलहरूले सदनमा चर्को विरोध गरे । यसरी प्रधानन्यायाधीश नियुक्ति पनि विवादित बन्यो ।

शर्मा प्रधानन्यायाधीश भएको दुई साता नबित्दै सत्तारुढ रास्वपा सभापति रवि लामिछाने प्रतिवादी भएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधसम्बन्धी मुद्दा कास्की जिल्ला अदालतले फिर्ता लियो । पर्सा अदालतले पनि अघिल्लो साता फिर्ता लिएको छ । अब बाँकी काठमाडौं र रुपन्देही अदालत छन् । यसले सत्ता र शक्तिको बलमा अदालतमा विचाराधीन मुद्दा फिर्ता गराएर अभियोगबाट मुक्त गर्ने सरकारको यो शैली विधिको शासनविपरीत भएको भन्दै विरोध भइरहेको छ ।

रास्वपा सरकार सर्वाधिक विवादित भएको सुकुमबासीहरूको बलपूर्वक विस्थापन गर्दा हो । हाल उनीहरू अस्थायी आश्रयस्थलमा कष्टकर जीवन बिताइरहेका छन् । जबर्जस्त विस्थापनले परेको मनोवैज्ञानिक दबाबका कारण तीन जनाले आत्महत्या नै गरे । कयौं मानसिक तनाबाट गुज्रिरहेका छन् । उनीहरूको स्थायी पुनःस्थापनाको कुनै टुंगो छैन । उल्टै ७० हजार रुपैयाँ दिएर आश्रयस्थलबाट उनीहरूलाई धपाउने रणनीतिमा वालेन्द्र सरकार छ । जबकि, वालेन्द्र चुनावको बेला भन्थे कि 'हाम्रो नीति भनेको पैसा नहुनेले पढ्न पाउने व्यवस्था ल्याउने हो । पैसा नहुनेले स्वास्थ्य उपचार पाउने हो र यिनै हुन् हाम्रो एजेण्डा ।' तर, यतिबेला गरिब सुकुमबासी भूमिहीन र सुकुमबासी दलितसँगै अव्यवस्थित बसोबासीमाथि दमन गरे । शिक्षा, स्वास्थ्य र विद्युत्मा कर लगाए । महँगी बढ्यो । नियन्त्रण त गरेका छैनन्, जनतालाई राहतसमेत दिएका छैनन् ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री वालेन्द्र सरकारलाई 'गरिबमारा सरकार' भएको बताउँछन् । उनका अनुसार गत १५ जेठमा सार्वजनिक सरकारको बजेट पनि गरिबलाई उत्थान गर्नेगरीको छैन । अर्थमन्त्री वाग्ले स्वयंले यो बजेट मध्यमवर्ग लक्षित छ । यसले पनि वालेन्द्र सरकार श्रमजीवी, किसान र मजदुरविरोधी भएको भन्दै विरोध भइरहेको छ । गत २१ फागुनको निर्वाचनमा भने पुराना दलप्रति चरम निराशा भएका मतदाताले रास्वपालाई असाधारण आशाका साथ समर्थन गरेका थिए । त्यसैले साना कमजोरीले समेत ठूलो आलोचना निम्त्याइरहेको छ ।

जसरी रास्वपाले विगतमा कांग्रेस, एमाले, तत्कालीन माओवादी र अन्य दलको आलोचना गर्थ्यो, अहिले सोहीअनुसार रास्वपाको मूल्यांकन भइरहेको छ र रास्वपाको सरकारले पनि उही पुराना दलहरूको प्रवृत्ति दोहोऱ्याएको भन्दै रास्वपाको खण्डन भइरहेको छ ।

तर, रास्वपा सांसद समीक्षा बाँस्कोटाले झण्डै दुईतिहाइको सरकारलाई सदनमा कानुन निर्माणमा अवरोध खडा गर्ने र सरकारको आलोचनामात्रै गर्ने विपक्षी दलहरूको प्रवृत्ति गलत रहेको बताइन् । उनले जनचाहना र रास्वपाको बाचापत्रअनुसार सरकारले काम गरिरहेको दाबी गरिन् । 'सरकार जनादेश र बाचापत्रको दायाँबायाँ छैन, होलान् केही कमजोरी भयो होला तर तिललाई पहाड बनाउनुपर्ने अवस्थाको होइन, यो प्रवृत्ति सच्याइनुपर्छ,' उनले बताइन् ।

रास्वपा सरकार गत १३ चैतमा गठन भएको हो । यो सरकारलाई सुशासन कायम गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने र देशलाई विकासको मामिलामा अग्रगति दिने मतादेश छ ।

■■■

## कांग्रेसको...

शेखरले भने लोकतन्त्रको स्थापना र निरंकुशताको अन्त्यका लागि स्थापना भएको कांग्रेस पार्टीभित्र निरंकुशता सुरु भएको आरोप लगाए । 'अहिले क्रियाशील सदस्यता अद्यावधिक गर्न नमानेको बहानामा देशैभरिका वडा सभापतिलाई मौखिकरूपमा हटाउने काम भइरहेको छ । यो निरंकुशताको सुरुआत हो, जुन कांग्रेसको आदर्शविपरीत छ,' शेखरले भने । अहिलेको अवस्थामा कुनै पनि हालतमा पार्टी नफुट्ने र फुट्न नदिने प्रतिबद्धतासमेत उनले जनाए । 'पार्टी फुट्न दिन्नँ । पार्टी फुट्दैन । यहाँबाट गएपछि आफ्ना साथीहरूलाई पनि तपाईंहरूले यही भन्नुपर्छ,' शेखरले भने ।

कांग्रेसका अर्का नेता मोहन बस्नेतले भने गगनकै कारण कांग्रेस दुई टुक्रा भएको तर्क गरे । 'कांग्रेसलाई इतिहासकै कमजोर बनाउने काम विभिन्न नाटकबाट भयो । त्यसको मुख्य पात्र वा खलनायक भन्नुस्, हाम्रा अहिलेका सभापति गगन थापाजी हुनुहुन्छ, उहाँको नेतृत्वमा पार्टी मिल्छ भनेर के आश गर्ने ?,' उनले प्रश्न गरे ।

कांग्रेसलाई बलियो बनाउने हो भने आन्तरिक लोकतन्त्र, निष्पक्ष सदस्यता व्यवस्थापन र पुराना कार्यकर्ताको सम्मान सुनिश्चित गर्न आवश्यक रहेको नेता बस्नेतले बताए ।

संस्थापनइतरले गगनमाथि विभिन्न आरोपका साथ चेतावनी दिँदा उनी सानेपामा अर्थतन्त्रबारे बहसमा सहभागी थिए । गगनले उक्त सभामा पार्टी एकताबारे कुनै भनाइ राखेनन् । विराटनगरको सभामा भने १४ औं महाधिवेशनमा सभापतिका निकटतम् प्रतिद्वन्द्वी डा. शेखर, पूर्वमहामन्त्रीद्वय डा. शशांक र कृष्णप्रसाद सिटौला सहभागी थिए । त्यस्तै, नेताहरू डा. मिनेन्द्र रिजाल, एनपी साउद, मीनबहादुर विश्वकर्मा, महिन्द्रा लिम्बू, रामहरि खतिवडा, सरस्वती बजिमय, सुजाता परियार, सीता गुरुङसहितका नेताहरू सहभागी थिए । देउवा र शेखर कोइरालाले विशेष महाधिवेशनलाई सर्वोच्च अदालतले आधिकारिकता दिएपछि गरेको यो पहिलो औपचारिक भेला हो । यसअघि यो समूहले धुम्बाराहीस्थित स्मार्ट होटलमा पटक-पटक अनौपचारिक भेला आयोजना गरेको थियो ।

■■■

## श्रमिकको आवश्यकता...

हालसम्म रोजगारीबाट भित्रने रेमिटचान्समा २.४ प्रतिशतमात्र लगानी भइरहेको भन्दै उनले चिन्ता व्यक्त गरे । हालसम्म पुनःएकीकरणसम्बन्धी राष्ट्रियस्तरका कार्यक्रमहरूमा सन् २००९ देखि २०११ सम्म सञ्चालन भएको 'मेकिङ रेमिटचान्स विथ वुमन, २०२२ देखि सुरु भई सन् २०२६ सम्म सञ्चालन हुने वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि पुनःएकीकरण कार्यक्रम (रेमी) र सन् २०२२ देखि सुरु भई सन् २०२८ सम्म सञ्चालन हुने कोरिया हचापी माइग्रेसन (के-हामी) मात्र रहेका छन् । रेमी परियोजना मधेस र कोशी प्रदेशमामात्र सञ्चालनमा छ भने के-हामी परियोजना कोरियाबाट फर्किएकाहरूका लागिमात्र हो ।

कोशी प्रदेशको रिर्टनी माइग्रेन्टस्को सञ्जालमा दुई हजार ६०० जना जोडिएको कोशी प्रदेशकी सामाजिक विकास मन्त्रालयकी प्रवक्ता दुर्गा बरालले बताएकी छन् । मधेस प्रदेशका १३६ वटा स्थानीय तहमध्ये १० वटामा सञ्चालनमा रहेको रेमी परियोजना आगामी आर्थिक वर्षदेखि ३० वटा स्थानीय तहमा सञ्चालन गरिने जाकारी दिइएको छ । त्यस्तै ३२ वटा स्थानीय तहमा रोजगारीमा जानेहरूका लागि वित्तीय साक्षरता कार्यक्रम सञ्चालनमा रहेको जनाइएको छ ।

हाल सीमित क्षेत्र र देशका श्रमिकका लागिमात्र सञ्चालित पुनःएकीकरण कार्यक्रममा उक्त निर्देशिका तयार भएपछि देशैभरका रिर्टनीहरू समेटिने अपेक्षा गरिएको छ । आजसम्म सञ्चालन हुने कार्यक्रममा प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका सांसद, प्रदेशका विषयगत मन्त्रलायका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि, विषय विज्ञलगायतको उपस्थिति रहेको छ ।


**युएइमा रोजगार** कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ LT. No. 325959 चलानी नं. ६०२३९८९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 82 | 0 | 1700 | ७०,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ LT. No. 319839 चलानी नं. ६०२३४१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 35 | 0 | 900 | ३७,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

OM OVERSEAS EMPLOYMENT PVT.LTD

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656(Santosh Bhatta), +9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



**साउदीमा रोजगार** कम्पनी : SMART SNAKE CAR SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/१५ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ LT. No. 319404 चलानी नं. ६०२३३६१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labour | 2 | 0 | 1000 | ३७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JUBAIL STAR GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१५ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ LT. No. 321320 चलानी नं.६०२३५३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 1 | 0 | 2500 | १०१,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.

Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



**युएइमा रोजगार** कम्पनी : MADINAT JALFAR TECH. CONT. शहर : Rolla, Sharj

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ LT. No. 325985 चलानी नं. ६०२३९९४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Duct Man | 20 | 0 | 1200 | ४९,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician + Plumber | 40 | 0 | 1200 | ४९,६९० | | | | | | | |
| 3 | Insulator | 20 | 0 | 1200 | ४९,६९० | | | | | | | |
| 4 | Pipe Fitters | 20 | 0 | 1200 | ४९,६९० | | | | | | | |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 1136/073/074

DEEP JYOTI MANPOWER SERVICE PVT LTD.

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np



**Vacancy Announcement**

**First Published Date: 15th June 2026**

Ziyan Food Pvt. Ltd. is registered at the Office of the Company Registrar on 13 Shrawan 2082 B.S. The company is engaged in establishing a modern, well-equipped industry incorporating advanced machinery and technology to construct slaughterhouses for processing the meat of various animals (Buffalo, Chicken, Goat, Hen, Boars any many more). The Company also focuses to establish fully equipped cold storage facilities for the safe storage of processed meat. Furthermore, distribute meat products within the country as well as export them abroad. We urgently require competent and experienced candidates for the following positions. Nepalese candidates are highly encouraged to apply and will be given priority during the selection process.

Interested candidates are requested to submit their biodata/CV within **7 days** from the date of publication of this notice at the address mentioned below. Only shortlisted candidates will be contacted for a virtual interview.

| S.N. | Position | Qty | Qualification and Experience |
|---|---|---|---|
| 1 | Finance Expert | 1 | Associate Degree or Diploma Degree in Economics with 1 year work of experience |
| 2 | Administrative Expert | 1 | Bachelor in Arts, with minimum 2 years of work experience |
| 3 | Technical Expert | 1 | Associate Degree/ Diploma Degree in Engineering Management with minimum 2 years of work experience |

Candidates must be fluent in reading, writing, and speaking the Chinese language due to Chinese investment involvement.

- **Contract Period:** 1 Year
- **Workplace:** Marin Rural Municipality – Ward No. 4, Sindhuli
- **Salary:** As per mutual understanding
- **Required Documents:** Previous work-related documents/certificates

**Ziyan Food Pvt. Ltd.**
**Chakupath-10, Lalitpur, Nepal**
**Contact no.: 9713922827, email: songanning@ziyanfoods.com**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, १ असार, २०८३**

| | |
|---|---|
| **मेष** | नयाँ अवसर प्राप्त हुन सक्छ । काममा आत्मविश्वास बढ्नेछ र साथीभाइको साथ मिल्नेछ । |
| **वृष** | आर्थिक पक्ष सुदृढ बन्ने संकेत छ । पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । |
| **मिथुन** | बोली र व्यवहारले अरूको मन जित्नुहुनेछ । नयाँ जानकारी वा अवसर प्राप्त हुन सक्छ । |
| **कर्कट** | अध्ययन तथा सिर्जनात्मक कार्यमा रुचि बढ्नेछ । मनमा रहेको जिज्ञासाको समाधान मिल्न सक्छ । |
| **सिंह** | पुराना अनुभवबाट लाभ मिल्नेछ । निर्णय गर्दा धैर्य अपनाउनु राम्रो हुनेछ । |
| **कन्या** | अधुरा काम पूरा हुने योग छ । व्यवस्थित रूपमा अघि बढ्दा सफलता प्राप्त हुनेछ । |
| **तुला** | नयाँ योजना बन्न सक्छ । शुभ समाचारले दिन उत्साहपूर्ण रहनेछ । |
| **वृश्चिक** | पारिवारिक सम्बन्ध सुदृढ बन्नेछ । आत्मीय व्यक्तिसँगको भेटघाट लाभदायी रहनेछ । |
| **धनु** | नयाँ विचार र अवसरतर्फ आकर्षण बढ्नेछ । यात्राको सम्भावना पनि देखिन्छ । |
| **मकर** | आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर मिल्नेछ । निर्णयमा दृढ रहँदा फाइदा हुनेछ । |
| **कुम्भ** | व्यस्तता बढे पनि काम सफलतापूर्वक सम्पन्न हुनेछन् । प्राथमिकता निर्धारण गर्नु आवश्यक छ । |
| **मीन** | मानसिक शान्ति प्राप्त हुनेछ । एकान्तमा बिताएको समयले नयाँ ऊर्जा प्रदान गर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१ असार, २०८३ (१५ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.८८ | १५२.४८ |
| युरो | १ को | १७५.८० | १७६.५० |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.७३ | २०४.५४ |
| स्विस फ्रैन्क | १ को | १९०.७८ | १९१.५३ |
| अस्ट्रेलियन डलर | १ को | १०६.९२ | १०७.३५ |
| क्यानाडियन डलर | १ को | १०८.५८ | १०९.०१ |
| सिङ्गापुर डलर | १ को | ११८.३० | ११८.७७ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | २२.४६ | २२.५५ |
| साउदी अरब रियाल | १ को | ४०.४७ | ४०.६३ |
| कतारी रियाल | १ को | ४१.६६ | ४१.८२ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.३५ | ४१.५२ |
| मलेसियन रिङेट | १ को | ३७.४३ | ३७.५८ |
| दक्षिण कोरियन वन | १०० को | १०.०० | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १६.१० | १६.१६ |
| डेनिस क्रोनर | १ को | २३.५२ | २३.६१ |
| हङकङ डलर | १ को | १९.३८ | १९.४६ |
| कुवेती दिनार | १ को | ४९४.३२ | ४९६.२७ |
| बहराइन दिनार | १ को | ४०२.७८ | ४०४.३८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# यस वर्ष कामपाका १२८ स्थान डुबानको जोखिममा

**काठमाडौं–** यस वर्षको मनसुनमा काठमाडौं महानगरपालिले १२८ ठाउँमा डुबानको जोखिम पहिचान गरेको छ । जसबाट करिब आठ हजार ३१५ परिवार प्रभावित हुन सक्ने अनुमान गरिएको छ। जोखिम कम गर्नका लागि कामपाले मनसुनपूर्व तयारी र प्रतिकार्य योजनासमेत स्वीकृत गरेको छ।

कामपा विपद् व्यवस्थापन विभागका प्रमुख अनिरुद्र नेपालका अनुसार बागमती, विष्णुमतीको दोभानबाट तल्लो भेगमा पर्ने वडा नं १४ सबैभन्दा बढी जोखिममा देखिन्छ। उनका अनुसार डुबानबाट कतै धेरै स्थान र कतै धेरै परिवार प्रभावित हुने देखिन्छ।

नेपालले भने, 'वडा १४ सँगै वडा नं १३, १५, २९, १०, १६, २६, ३२, १२ बढी जोखिममा देखिन्छन् । डुबान हुने ठाउँका आधारमा वडा नं ३० मा २१ ठाउँ, वडा नं ४ र वडा नं ३२ मा १०-१० ठाउँमा डुबानको जोखिम देखिन्छन् ।' उनका अनुसार वडा नं १६ सबैभन्दा बढी प्रभावित हुने देखिन्छ।

सामाखुशी, विष्णुमती र अन्य खहरे खोलाहरूले यस वडामा करिब एक हजार ६०० परिवार प्रभावित हुने अनुमान गरिएको विपद् व्यवस्थापन विभागका प्रमुख नेपालले जानकारी दिए । उनका अनुसार वडा नं २६ मा एक हजार २५५, वडा नं ३ मा ९५० र वडा नं ४ मा ९५५ परिवार प्रभावित हुने छन् ।

उक्त अनुमानका आधारमा निर्माण गरिएको पूर्वतयारी कार्ययोजनामा वडास्तरीय विपद् व्यवस्थापन समिति, जनप्रतिनिधि, सुरक्षा निकाय, दमकल, एम्बुलेन्स, स्वास्थ्य सेवालगायत आकस्मिक सेवा लिनुपर्ने क्षेत्र र अधिकारीका टेलिफोन नम्बर तयारी अवस्थामा राखिएका कामपा विपद् व्यवस्थापन विभागले जनाएको छ । स्रोत र उपकरणहरूको विवरण उल्लेख गरिएको छ ।

जोखिम घटाउन, घटना भए उद्धार, राहत, व्यवस्थापन तथा पुनर्लाभका लागि कामपाका ११ वटा विभागलाई जिम्मेवारी कार्ययोजना तोकिएका विपद् व्यवस्थापन विभागका प्रमुख नेपालले जानकारी दिए । उनका अनुसार विपद्का समयमा प्रयोग गर्न सकिने ५१ वटा पार्क, २८ वटा खुला क्षेत्र र ८७ वटा विद्यालय पहिचान गरिएका छन् ।

यसअघिका वर्षहरूको अविरल वर्षाका कारण सहरी जीवनमा उत्पन्न भएको बाढी र डुबानजन्य जोखिम फेरि नदोहोरियोस् भन्नेमा सचेत भएर कामपाले जोखिम न्यूनीकरणका लागि नदी सरसफाइ, डुबान समाधानजस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ ।

कामपाकी कार्यवाहक प्रमुख एवं कामपा विपद् व्यवस्थापन समितिकी संयोजक सुनिता डंगोलको अध्यक्षतामा बसेको बैठकले यस वर्ष जेठ १८ गतेदेखि असोज १४ गतेसम्म वर्षा हुने जल तथा मौसम विज्ञान विभागको प्रक्षेपणलाई आधारमा कार्ययोजना स्वीकृत गरेको हो । डंगोलले सम्भावित डुबानको जोखिम घटाउन पूर्वाधार, सरसफाइलगायत तयारी नियमित सञ्चालन गर्न, समन्वय र सहकार्यको प्रणाली कार्यान्वयन योग्य बनाउन, विपद्का समयमा ठेगाना प्रणालीका कारण अलमल नहुने अवस्था निर्माण गर्न विभागलाई निर्देशन दिएकी छन्। *रासस*

## कामपाको नीति तथा कार्यक्रम सार्वजनिक

# फोहोरमैला व्यवस्थापन उच्च प्रथामिकतामा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाको १९औं नगर अधिवेशनले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा फोहोरमैला व्यवस्थापनलाई उच्च प्रथामिकतामा राखेको छ ।

आजको नगरसभामा आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै काठमाडौं महानगरकी कार्यवाहक प्रमुख सुनिता डंगोलले फोहोरलाई निःशुल्क, सःशुल्क, न्यूनीकरण, सृजनात्मक पुनःचक्रीयलगायत प्रयोगमा आधारित बनाई सोको प्रवर्द्धन हुनेगरी महानगर क्षेत्रलाई सात समूहमा विभाजन गरी प्रविधिको प्रयोगमार्फत फोहोरमैलाको उचित व्यवस्थापन गरिने बताइन् ।

'महानगरले आगामी आवको नीति तथा कार्यक्रममा १०१ बुँदालाई समावेश गरेको छ,' उनले भनिन्, 'फोहोर स्थानान्तरण केन्द्रबाट निस्कने न्यून फोहोरलाई बञ्चरेडाँडा ल्याडफिल साइडमा मेकानाइज्ड मेटेरियल



रिकभरी फचासिलिटी (यान्त्रीकृत फोहोर व्यवस्थापन तथा पुनःप्राप्ति केन्द्र) सञ्चालन गरी वैज्ञानिक तरिकाले व्यवस्थापन गरिने छ ।'

कार्यवाहक प्रमुख डंगोलले फोहोरमैला व्यवस्थापन सेवा शुल्कलाई प्रदूषकले तिर्ने सिद्धान्तअनुरुप एकद्वारा प्रणालीमार्फत शुल्क संकलन गर्ने व्यवस्था नीति तथा कार्यक्रममा समावेश गरिएको बताइन् । महानगरले राजस्व परिचालनलाई पारदर्शी, विश्वसनीय र प्रभावकारी बनाउन आगामी आवदेखि कर प्रणाली अडिट सुरु गर्ने उनको भनाइ छ। महानगरले करको दायरामा नआएका करदाताको पहिचान गरी कर तिर्ने वातावरण निर्माण गर्ने जनाएको छ ।

नीति तथा कार्यक्रममा आरोग्य जीवनका लागि आयुर्वेद, वैकल्पिक चिकित्सा, योग र व्यायाममार्फत स्वस्थ जीवनशैलीको प्रवर्द्धन गर्ने नीति अंगीकार गर्ने जनाइएको छ । महानगरले आगामी आवमा पनि निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिने उद्घोष गरेको छ । महानगर क्षेत्रभित्र सञ्चालनमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाको नियमन तथा अनुगमन गरी गुणस्तरीय सेवा प्रवाहका लागि प्रोत्साहन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

त्यस्तै विपन्न तथा असहाय नागरिकलाई १० प्रतिशत निःशुल्क उपचार गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। महानगरले कर्मचारीको क्षमता अभिवृद्धि गरी पालिका र सबै वडा कार्यालयमा एकद्वारा सेवा केन्द्र सञ्चालन गर्ने घोषणा गरेको छ ।

विश्वका सहरका असल अभ्यासबाट ज्ञान हासिल गरी प्रविधि हस्तान्तरण, सूचना तथा सांस्कृतिक आदानप्रदानलगायत माध्यमबाट काठमाडौं सहरको समग्र पक्षको विकासमा टेवा पुऱ्याउन प्रादेश तथा स्थानीय तहका असल अभ्यास अवलम्बन गरिने नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/११/२६ मा दर्ता भएको **प्रा. लि. नं. ८१३२७** को **इन्जिनियरिङ्ग कन्सल्टेन्सी फर इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**३५ दिने सार्वजनिक सूचना**

यस नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त **ओम ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि. (ई.प.नं.१५१८/०७४/०७५)** मार्फत वैदेशिक रोजगारीमा गएका देहायका व्यक्तिहरूको हकदाबी/उजुरी सम्बन्धी निवेदन वैदेशिक रोजगार विभागमा दर्ता भई हालसम्म 'तामेली' अवस्थामा रहेको जानकारी प्राप्त भएको छ । उक्त हकदाबी तथा उजुरी सम्बन्धी विषयहरु यस कम्पनी र सम्बन्धित पक्षबीच आपसी समझदारी तथा सहमतिबाट मिलापत्र भइसकेको हुँदा यदि देहायका व्यक्तिहरु वा निजहरूको तर्फबाट कुनै बाँकी हकदाबी, दाबी, विरोध वा गुनासो रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र यस कम्पनीको कार्यालयमा सम्पर्क गरी आफ्नो दाबी पेश गर्नुहुन सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
तोकिएको अवधिभित्र कुनै दाबी, विरोध वा गुनासो प्राप्त नभएमा सम्बन्धित उजुरी तथा हकदाबी विषय पूर्ण रूपमा समाधान भएको मानी कम्पनीको अभिलेखबाट आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०१/०३ मा दर्ता भएको (प्रा.लि.नं. १६७१२९) को **श्री रेणु होटल एण्ड खाजाघर प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ 'क' बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
**सार्वजनिक सूचना**
प्रकाशित मिति : २०८३/०३/०१

नेपाल सरकारबाट वैदेशिक रोजगार संचालन गर्न ईजाजत प्राप्त श्री **Grand Shikhar Overseas Pvt. Ltd.** (इ.प.नं. 756/064/65) को तपसिल बमोजिमका सञ्चालकहरु/शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविकका शेयरधनीहरुको नाम | अब कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १. शैयद नसिम शाह (०१-१,००,०००) | १. फहिम शाह (०१-१,००,०००) |

**Vacancy Announcement**

**First Published Date: 15th June 2026**

Himalayan Food International Pvt. Ltd. is registered at the Office of the Company Registrar on 18 Magh 2069 B.S. The company is engaged in establishing a modern, well-equipped industry incorporating advanced machinery and technology to construct slaughterhouses for processing the meat of various animals (Buffalo, Chicken, Goat, Hen, Boars any many more). The Company also focuses to establish fully equipped cold storage facilities for the safe storage of processed meat. Furthermore, distribute meat products within the country as well as export them abroad. We urgently require competent and experienced candidates for the following positions. Nepalese candidates are highly encouraged to apply and will be given priority during the selection process.
Interested candidates are requested to submit their biodata/CV within **7 days** from the date of publication of this notice at the address mentioned below. Only shortlisted candidates will be contacted for a virtual interview.

| S.N. | Position | Qty | Qualification and Experience |
|---|---|---|---|
| 1 | Administrative Manager (expert) | 1 | Associate Degree/ Diploma Degree in the Business Enterprise Management with minimum 3 years of work experience in relevant field |

Candidates must be fluent in reading, writing, and speaking the Chinese language due to Chinese investment involvement.
- **Contract Period:** 1 Year
- **Workplace:** Marin Rural Municipality – Ward No. 4, Sindhuli
- **Salary:** As per mutual understanding
- **Required Documents:** Previous work-related documents/certificates

**Himalayan Food International Pvt. Ltd.**
Chakupath-10, Lalitpur, Nepal
Contact no. : 9713719938, Email: Chenming@ziyanfoods.com

**मलेसियामा रोजगार** कम्पनी : SINCERELY DYEING & FINISHING SDN.BHD.
पूर्व स्वीकृति मिति : २०८२/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ | LT. No. 339932 | चलानी नं. ६०२५३३३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 6 | 0 | 1700 | ६३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**R. A. International Employment Agency Pvt Ltd**
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760, 4388035,
Bal Bahadur Thapa 9851059085, E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५

**साउदीमा रोजगार** SAUDI HYDRODYNAMICS COMPANY LTD
पूर्व स्वीकृति मिति : २०८१/०७/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ | LT. No. 313557 | चलानी नं.६०२२८०१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 2 | 0 | 1000 | ४०,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**मलेसियामा रोजगार** कम्पनी : LADANG JASA SURIA SDN.DHB.
पूर्व स्वीकृति मिति : २०८२/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ | LT. No. 339995 | चलानी नं. ६०२५३४४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 30 | 0 | 1700 | ६३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८

**साउदीमा रोजगार** कम्पनी : RIMAS INTERNATIONAL TRANSPORTATION COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०२/१९ | LT. No. 342880 | चलानी नं. ६०२५६७८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 3 | 0 | 2000 | ८१,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६

**साउदीमा रोजगार** कम्पनी : ABDULRAHMAN HAMOUD SULEIMAN AL-DHUWAIHI TRANSPORTION ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343313 | चलानी नं. ६०२५६७७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | 1800 | ७२,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Nasser International Placement Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १९०/०५७/०५८
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

**कर्मचारी हटाईएको सम्बन्धमा**

सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)** मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| S. N | Name | Address | Citizenship No |
|---|---|---|---|
| 1 | Ishwor Shrestha | Fujel - 8, Gorkha, Gandaki, Nepal | 62351 |
| 2 | Sujan Bista | Gokarneswor - 3, Kathmandu, Bagmati, Nepal | 27-01-74-09046 |
| 3 | Kumari Tamang | Bidurn.p. - 13, Nuwakot, Bagmati, Nepal | 25-01-75-03589 |
| 4 | Aasmaya Tamang | Katunje - 8, Dhading, Bagmati, Nepal | 26/42322 |
| 5 | Suman Wagle | Byasn.p. - 7, Tanahun, Gandaki, Nepal | 82765 |
| 6 | Sashim Pun | Bhakilmi - 3, Myagdi, Dhawalagir, Nepal | 49-01-72-01969 |
| 7 | Namrata Ghale | Dhodeni - 6, Lamjung, Gandaki, Nepal | 45-01-73-04439 |
| 8 | Dhanmaya Limbu | Banigama - 6, Morang, Koshi, Nepal | 1031/118 |
| 9 | Mangal Sing Yekten Subba | Banigama - 6, Morang, Koshi, Nepal | 5/5983 |
| 10 | Hena Gurung | Pokhara.p. - 8, Kaski, Gandaki, Nepal | 45-01-70-08137 |
| 11 | Nita Manandhar | Chabhil - 7, Kathmandu, Bagmati, Nepal | 37191 |
| 12 | Sajana Malla | Diyale - 9, Okhaldhunga, Sagarmatha, Nepal | 27-01-74-14898 |
| 13 | Anjana Neupane | Ratuwamai - 10, Morang, Koshi, Nepal | 05-06-78-06164 |

SKYPOWER FORCE (P.) LTD.
श्रम ईजाजत नं. १२७५/०७४/०७५
**SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)**
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र मार्फत बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

(**दोस्रो प्रकाशित मिति : २०८३/०३/०१ गते** )

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यले लिनु भएको ऋण कर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, सावाँको किस्ता, ब्याज नतिरी नबुझाई संस्थासँग गरेको शर्त सम्झौता तथा कर्जा सम्बन्धि कबुलियतको शर्त उल्लंघन गर्नु भएकोले संस्थाले तपसिलका ऋणी सदस्य र धनजमानीकर्ता समेतलाई पटक-पटक मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्न आउने सम्बन्धि ताकेता पत्र बुझाउँदा समेत कर्जा चुक्ता नभई मिति २०८०/१२/९ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा तिर्न आउने बारे ३५ दिने सार्वजानिक सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तानी नगरेको कारणबाट मिति २०८१/११/२६ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिका निजले कर्जा लिँदाको समयमा संस्थालाई धितो सुरक्षण स्वरुप दिएको तपसिल बमोजिमको चल सम्पत्ति धितो लिलाम बिक्री सम्बन्धि बोलपत्र आह्वानको लागि सूचना प्रकाशन गर्दा समेत कसैको पनि बोलपत्र नपरेको र कर्जा उपभोग गर्ने ऋणी सदस्यले पनि कर्जा भुक्तानतर्फ कुनै चासो नदेखाएको हुँदा धितो लिलाम बिक्री सम्बन्धि बोलपत्र आह्वानको लागि दोस्रो र अन्तिम पटक यस १५ दिने सार्वजानिक सूचना प्रकाशन गरिएको छ। धितोमा रहेको सम्पति सकार गर्न इच्छुक ब्यक्ति फर्म तथा कम्पनीले तोकिएको समयावधि भित्र देहायको शर्त बन्देजको अधिनमा रहि बोलपत्र पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपाई ऋणी सदस्यले संस्थालाई तिर्नु बुझाउनु पर्ने कर्जा रकमको सावाँ, व्याज, हर्जना, पाउनु पर्ने रकम तथा अन्य लेना रकम भुक्तानी गरी कर्जा लिदाको बखत संस्थालाई दिएको धितो फिर्ता लिनुहोला। अन्यथा ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राखी सहकारी ऐन तथा नियमावली बमोजिम कसैको पनि बोलपत्र नपरेमा तपाई ऋणीले संस्थालाई दिएको धितो संस्था स्वयंले सकार गरी कर्जा असुली गर्नेछ। साथै धितो सुरक्षणमा रहेको सम्पतिहरु लिलाम बिक्रीबाट बिक्री गर्दा तथा संस्था स्वयंले सकार गर्दा समेत सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कर्जा असुली न्यायाधिकरण केन्द्र लगायत कानुन बमोजिम ऋणीहरु र व्यक्तिगत जमानीकर्ताहरुको घरघरनाबाट असुल उपर गर्न असुली प्रक्रिया अगाडी बढाई असुल उपर गरिने छ।

**तपसिल**

| ऋणीको विवरण | ऋणीको फोटो | व्यक्तिगत धन जमानी दिनेको विवरण | जमानीको फोटो |
|---|---|---|---|
| **ऋणी : श्री कृष्णकान्त बास्तोला**<br>ना.प्र.प. नं : २४९१८<br>जारी मिति : २०५४।४।७<br>जिल्ला : तनहुँ<br>बाबुको नाम : शुभकान्त बास्तोला<br>बाजेको नाम : नन्द प्रसाद बास्तोला<br>ठेगाना : बुढानिलकण्ठ न.पा.-९,काठमाण्डौ<br>कर्जा शिषक : हायर पर्चेज |  | **ऋणी : श्री श्रीकान्त बास्तोला**<br>ना.प्र.प. नं : २८२६४<br>जारी मिति : २०५४।११।१७<br>जिल्ला : तनहुँ<br>बाबुको नाम : शुभकान्त बास्तोला<br>बाजेको नाम : नन्द प्रसाद बास्तोला<br>ठेगाना : बुढानिलकण्ठ न.पा.-९, काठमाण्डौ |  |

**धितो सुरक्षणको विवरण**

यातायात व्यवस्था कार्यालय ललितपुरमा दर्ता भएको बा.४.ख. ५६०१ को भाडाको बस। इन्जिन नं : E413CDGJ104844, च्यासिस नं : MC2A5ERF0GJ352670, मोडल नं. : आइचर 10.75 E Star line bus, बनेको साल : २०१६, सिट क्षमता : २९

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस संस्थाबाट रु.१,०००/- (अक्षेरुपी एक हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरी खरीद गर्न सकिने छ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुन आउने रकम चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड को नाममा सानिमा बैक लिमिटेड, न्यूरोड शाखामा रहेको खाता नं.००३०१००१०००१०९१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम बिक्री हुने धितोमा रहेको सम्पत्ति निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै संस्थामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिनेछ। साथै, सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर सवारी साधन खरीद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ।
(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन। साथै, बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहीत रहनेछ।
(९) लिलाम बिक्रीको सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिने छ। बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा संस्थाको कार्यालयमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ।
(१०) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
(११) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

**चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.**
**China Trade Multipurpose Co-operative Ltd.**
खिचापोखरी-२२ न्यूरोड, काठमाडौं। फोन : ०१-५७१४००२, ५७१४०४८
Email : info@chitcol.com | Web: www.chitcol.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेपाली चियामाथिको भारतीय अवरोध हटाऊ

**नेपाली चिया क्षेत्र फेरि एक पटक भारतीय नीतिगत चक्रव्यूहको भुमरीमा परेको छ । भारतले नेपाली चियामा कडाइ गरेपछि इलामको सूर्योदय क्षेत्रका चिया उद्योग आजदेखि बन्द हुने भएका छन् । सूर्योदय अर्थोडक्स टी प्रोडक्युसर्स एसोसिएसन नेपालले आजदेखि उद्योग बन्द गर्ने घोषणा गरेको छ । एसोसिएसनमा ५३ उद्योग आबद्ध रहेका छन्, जसमा हजारौं किसानले उत्पादन गरेका चिया संकलन तथा प्रशोधन हुने गर्दछ ।**

**पूर्वी नेपालको आर्थिक मेरुदण्ड र हजारौं किसानको जीविकोपार्जनको मुख्य स्रोत मानिएको चिया क्षेत्रमाथि भारतले हालै लागू गरेको नयाँ मापदण्डले गम्भीर संकट निम्त्याएको छ । नेपाल र भारत दुवैतर्फका भन्सारबाट जाँचपास भई भारतीय आयातकर्ताको गोदाममा पुगिसकेको चियालाई समेत बजारमा जान नदिई प्रयोगशाला परीक्षणका नाममा हप्तौं र महिनौं रोक्ने भारतीय कदम न्यायसंगत देखिँदैन । यो केवल एक सामान्य प्राविधिक वा गुणस्तर परीक्षणको प्रक्रियामात्र होइन, बरु नेपाली चियालाई भारतीय बजारबाटै विस्थापित गर्ने र नेपालको निर्यातमुखी कृषि उद्योगलाई धराशायी बनाउने नीति हुन सक्छ ।**

**एसोसिएसनका अनुसार अहिले कोलकाता र सिलिगुढीका गोदामहरूमा नेपालबाट पठाइएको दुई लाख किलोभन्दा बढी तयारी चिया अलपत्र परेको छ । नेपालका उद्योगहरूमा १० लाख किलोभन्दा बढी चिया थन्किएको छ । निर्यात भएको चिया बिक्री नभई भुक्तानी नपाइने परिपाटीका कारण उद्योगीहरूको करोडौं रुपैयाँ रोकिँदा उनीहरू टाट पल्टिने अवस्थामा पुगेका छन् । फलतः उद्योगीहरूले बाध्य भएर उद्योग नै बन्द गर्ने घोषणा गरेका छन् । यो उद्योग बन्दको घोषणा केवल कारखानाको तालाचाबी मात्र होइन, यसले पूर्वी पहाडका इलाम, पाँचथर, धनकुटा र तेह्रथुमका हजारौं साना चिया किसान, श्रमिक र आश्रित परिवारको रोजीरोटी खोसिने डरलाग्दो संकेत गरेको छ । उद्योगमा मौज्दात थुप्रिँदै जाँदा किसानले हरियो पत्तीको भुक्तानी पाउने छैनन् र अन्ततः यो नगदेबाली बोटमै कुहिने स्थिति आउने छ ।**

**नेपाली अर्थोडक्स चिया अन्तर्राष्ट्रिय संस्थाहरूबाट 'अर्गानिक' प्रमाणीकरण पाएर तेस्रो मुलुक (युरोप र अमेरिका) सम्म निर्यात भइरहेको छ । उच्च गुणस्तरको अर्थोडक्स चियालाई समेत भारतीय चिया बोर्डले रोकेर दोष देखाउने हर्कत गरेको छ । भौगोलिक बनावट र अनुकूल मौसमका कारण नेपाली चियाको स्वाद र गुणस्तर भारतको दार्जीलिङ चियासँग सीधा प्रतिस्पर्धी रहेको कारण भारतले पछिल्लो नीति लिएको हुनसक्छ ।**

**नेपाल सरकारको अहिलेसम्म यो विषयमा ध्यान पुगेको देखिँदैन । नेपाली चिया निर्यात ठप्प हुँदा पनि सरकार बेखबरझैं बस्नु विडम्बनापूर्ण मान्नुपर्छ । कूटनीतिक पहलमार्फत समस्या सुल्झाउनुको सट्टा नेपाल सरकार मूकदर्शक बनेर बस्नु सरकारको गैरजिम्मेवारीपन र लाचारीपन हो । अब पनि सरकारले ढिलासुस्ती गर्ने समय छैन । परराष्ट्र मन्त्रालय र वाणिज्य मन्त्रालयले तत्कालै भारतीय समकक्षीहरूसँग उच्चस्तरीय कूटनीतिक संवाद थाल्नुपर्छ । चियाको व्यापार दुई देशबीचको वाणिज्य सन्धिअन्तर्गत पर्ने भएकाले नेपालले आफ्नो बलियो अडान राख्न सक्नुपर्छ । यसतर्फ सरकारको तत्काल ध्यान जाओस् ।**

## श्रम सरोकार


# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# 'निजामती सेवामा समावेशी समूहको दुईतिहाइ प्रतिनिधित्व भएको छ'



लोकसेवा आयोगले मुलुकको सार्वजनिक प्रशासनमा योग्यता, निष्पक्षता र प्रतिस्पर्धाका आधारमा सक्षम जनशक्ति छनोट गर्दै आएको छ । आयोगले गर्दै आएका कार्यले सार्वजनिक सेवामा दक्ष जनशक्ति व्यवस्थापन, प्रविधिमैत्री परीक्षा प्रणाली, समावेशी प्रतिनिधित्व तथा सेवा प्रवाहको प्रभावकारितासम्बन्धी विषय महत्त्वपूर्ण बनेका छन् । त्यसैले आयोग सुशासन, समावेशिता र व्यावसायिक निजामती सेवाको आधारस्तम्भका रूपमा स्थापित छ । लामो प्रशासनिक अनुभव भएका लोकसेवा आयोगका अध्यक्ष **माधवप्रसाद रेग्मी**को नेतृत्वमा आयोगले सार्वजनिक सेवा प्रवेश प्रणालीलाई थप पारदर्शी, विश्वसनीय र आधुनिक बनाउने दिशामा विभिन्न सुधारका प्रयास अघि बढाइरहेको छ । यही सन्दर्भमा आयोगले आज (असार १ गते) आफ्नो स्थापनाको ७६औं वार्षिकोत्सव मनाउँदै छ । वार्षिकोत्सवका सन्दर्भमा आयोगका उपलब्धि, चुनौती, प्रशासनका क्षेत्रमा देखिएका अवसर र सुधारलगायत विषयमा *राष्ट्रिय समाचार समिति (रासस)* का समाचारदाता **भीष्मराज ओझाले** अध्यक्ष रेग्मीसँग गरेको कुराकानीः

**माधवप्रसाद रेग्मी**, अध्यक्ष, लोकसेवा आयोग

**संघीय शासन प्रणाली कार्यान्वयन भएको करिब एक दशक भयो । यस अवधिमा कर्मचारी व्यवस्थापन र पदपूर्तिको अवस्थालाई लोकसेवा आयोगले कसरी मूल्यांकन गरेको छ ?**

मुलुकमा हालसम्म जारी भएका सबै संविधानले आयोगको सम्बन्धमा व्यवस्था गरेको छ । नेपालको अन्तरिम संविधान २००७ अनुसार २००८ साल असार १ गते आयोगको स्थापना भएको हो । सबै संविधानले आयोगलाई निजामती सेवाको पदपूर्तिको जिम्मेवारी दिएको छ । नेपालको संविधान जारी भएपछि आयोगको जिम्मेवारी, अधिकार र भूमिका बढेको छ । यस संविधानले मुलुकको जेठो संवैधानिक निकाय आयोगलाई संगठित संस्था र सुरक्षा निकायको पनि पदपूर्तिको सबै जिम्मेवारी प्रदान गरेको छ । त्यसअनुसार हामीले निजामती सेवासँगै चारवटै सुरक्षा निकाय, ७४ संगठित संस्थाको पनि पदपूर्तिसम्बन्धी कार्य गरिरहेका छौं । विभिन्न १०८ संगठित संस्थाको विनियमावली स्वीकृत गरेर परामर्श दिएका छौं । १०७ संस्थामा हाम्रा प्रतिनिधि छन् ।

संघीय शासन प्रणाली अपनाएको संविधानमा प्रदेश लोकसेवा आयोगको व्यवस्था छ । संविधानअनुसार प्रदेश लोकसेवा आयोगहरूले प्रदेश र स्थानीय तहका कर्मचारीको पदपूर्तिको काम गर्दै आएको छ । त्यो बाहेक संघीय सरकारका संघदेखि स्थानीय तहसम्मका कर्मचारीको पदपूर्तिको काम लोकसेवा आयोग र यस मातहतका १४ कार्यालयबाट सञ्चालन हुँदै आएको छ ।

**प्रदेश र स्थानीय तहमा हालसम्म दरबन्दीअनुसार कर्मचारी पदपूर्ति नभएको गुनासो छ । यसको मुख्य कारण के हो ? समस्या कसरी समाधान गर्नुहुन्छ ?**

म आफैं प्रशासन सुधार कार्यान्वयन आयोगको सदस्य हुँदा संविधानको कार्यसूचीमा रहेको अधिकारअन्तर्गत तीनवटै तहका सरकारमा कर्मचारीको संख्या यकीन गरिएको थियो । हामीले संघमा ३२ हजार, प्रदेशमा २२ हजार र स्थानीय तहमा ४५ हजार कर्मचारीको दरबन्दी आवश्यकता पर्ने प्रतिवेदन तयार गरेका थियौं तर अहिले सबै तहका गरी मुलुकभर करिब एक लाख ५० हजार निजामती कर्मचारी छन् ।

प्रदेश र स्थानीय तहमा दरबन्दीअनुसार पदपूर्ति नहुनुको कारण पहिले नै कर्मचारीको संख्या धेरै रहेको वा स्थानीय तहमा लामो समयदेखि ठूलो संख्यामा रहेका अस्थायी, करार र ज्यालादारी कर्मचारीका कारण पनि प्रदेशबाट नियमित पदपूर्ति नभएको हुन सक्छ ।

वि.सं. २०७५ मा प्रदेश लोकसेवा आयोग गठनका लागि आधार तथा मापदण्ड निर्धारणसम्बन्धी कानुन बनेपछि प्रदेश आयोग २०७६/७७ मा स्थापना भएको हो । प्रदेश लोकसेवा आयोग प्रारम्भिक चरण भएकाले वा आवश्यकतानुसार माग पनि नआएकाले पनि त्यस्तो भएको हुनसक्छ । यसमा चुनौती समाधानका लागि प्रदेश र स्थानीय सरकारबाट पारदर्शीरुपमा दरबन्दीअनुसारको पदपूर्तिका लागि माग आउनुपर्छ ।

**लोकसेवा आयोगको परीक्षा प्रणालीलाई 'डिजिटल' बनाउन आयोग कसरी जुटेको छ ?**

आयोगले परीक्षा प्रणालीमा सुधार गर्दै प्रविधिमा फड्को मारेको छ । फाराम लिने र दस्तुर बुझाउने व्यवस्था अनलाइनबाटै सेवा प्रवाह गरेका छौं । अब यसैका लागि बैंक र आयोगमा लाइन लागिरहनु पर्दैन । हामी 'पब्लिक सर्भिस कमिसन रिक्रुटमेन्ट मेनजमेन्ट सिस्टम' (पिएसआरएमएस) सफ्टवेयरमार्फत नागरिकता, विश्वविद्यालयका प्रमाणपत्रमा आबद्ध हुने काम गरिरहेका छौं । प्रशिक्षार्थीलाई परीक्षा केन्द्रसमेत पनि अनलाइनमा आउने व्यवस्था गरेका छौं ।

यसका साथै सबै निकाय डिजिटल र प्रविधिमैत्री हुँदैमा विकास हुने भने होइन, कतिपय संस्था आफ्नो इज्जत, मर्यादा र कामकारबाही पुरानो प्रविधिलाई मर्मत गरेको कारण पनि विश्वास कायमै राख्न सफल भएका छन् । त्यस्ता संस्थालाई प्रविधिको नाममा डिजिटलाइज्ड गरेर यसको जोखिममा आयोग पनि विनातयारी जानुपर्छ भन्ने मलाई लाग्दैन ।

**संविधानको समावेशी व्यवस्थाले राज्य संरचनामा कस्तो प्रतिनिधित्व बढाएको छ ? यस सम्बन्धमा आयोगसँग के तथ्यांक र अनुभव छन् ?**

नेपालमा समावेशिताको अवधारणा खासगरी २०६४ सालदेखि आएको हो र यो प्रावधान सुरुआत गर्दा १० वर्षमा पुनरवलोकन गर्ने भनिएको थियो तर हालसम्म त्यसको कुनै पुनरवलोकन भएको छैन । समावेशिताको माध्यमका नेपालका जाति, वर्ग, क्षेत्र, सम्प्रदाय र भूगोलका धेरै व्यक्तिहरूको निजामती सेवामा प्रतिनिधित्व भएको छ । तथ्यांकको कुरा गर्ने हो भने समावेशी सुविधाबाट २६ हजारभन्दा बढी कर्मचारी नियुक्त भइसकेका छन् । यसबाहेक थप समावेशी समूहका ११ हजार व्यक्तिको खुला प्रतिस्पर्धाका आधारमा निजामती सेवामा प्रतिनिधित्व भएको छ । सरसर्ती हेर्दा मुलुकको निजामती प्रशासनमा अहिले समावेशी समूहको लगभग दुईतिहाइ प्रतिनिधित्व भएको छ भने असमावेशी समूहका कर्मचारीको एकतिहाइ प्रतिनिधित्व छ ।

**परीक्षा सञ्चालन, नतिजा प्रकाशन र सिफारिस प्रक्रियालाई अझ छिटो, पारदर्शी र विश्वसनीय बनाउन आयोगले कस्ता सुधार गरेको छ ?**

हामीले निरन्तर सुधारका कार्य जारी राखेको छौं । सार्वजनिक क्षेत्रमा बर्सेनि दरखास्त दिनेको संख्या ठूलो मात्रामा बढ्दो छ । सबै तहका उम्मेदवारको एउटै मापदण्डबाट मूल्यांकन हुँदा मूल्यांकनमा एकरुपता ल्याउन कठिन भइरहेको छ । त्यसैले निजामती सेवामा पूर्वयोग्यता परीक्षा सञ्चालन गरेर त्यसमा उत्तीर्ण भएकाहरूको मात्र मूल परीक्षा सञ्चालन हुने प्रावधान छ ।

यही प्रयोग गत वर्षदेखि संगठित संस्थामा चौथौ तह (खरिदारसरह) मा पनि सुरुआत गरेका छौं । गत वर्ष पहिलो पटकको भएको चौथो तहको पूर्वयोग्यता परीक्षामा ९० हजार जनाले फाराम भरेका थिए । त्यसमध्ये ६० हजार परीक्षामा समावेश भएकामा २० हजार उत्तीर्ण भएका थिए । यस्ता पूर्वयोग्यता परीक्षा पास गरेका परीक्षार्थीको अनुमतिपत्र एक वर्षसम्म कायम रहने र एक वर्षभरि कुनै पनि संगठित संस्थामा मूल परीक्षा दिन पाइने व्यवस्था सुविधा रहेको छ ।

यस प्रणालीको अर्को लाभ भनेको पूर्वयोग्यता परीक्षा दिनका लागि काठमाडौं आउनु पर्दैन । आयोगले आफ्ना १४ कार्यालयबाट जनताको घरदैलोमा त्यस्तो परीक्षा सञ्चालन गर्ने गरेको छ । यसले परीक्षार्थीको संख्यामा पनि व्यवस्थापन गर्न सहज हुने र पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएका परीक्षार्थीबीचमा मात्रा परीक्षा गर्दा गुणस्तरीय परीक्षण हुने हाम्रो विश्वास छ । यो वर्षदेखि सबै संगठित संस्थाका लागि अधिकृत, नायब सुब्बा र खरिदार सरहका लागि पनि प्रारम्भिक परीक्षा सुरु गर्दै छौं ।

**लोकसेवा आयोगको संवैधानिक स्वतन्त्रता र निष्पक्षतामाथि कुनै प्रकारको दबाब वा चुनौती महसुस भएको छ ?**

सबैलाई स्पष्ट छ, लोकसेवामा भनसुन लाग्दैन । योग्यता, निष्पक्षता र स्वच्छताको मूल मर्म कायम राख्नेगरी संविधानबमोजिम शपथ लिएका हामी आयोगका पदाधिकारी संवैधानिक दायित्वअन्तर्गत कार्यसम्पादन गर्छौं ।

**सार्वजनिक प्रशासनलाई सक्षम बनाउन आयोगका प्राथमिकता के छन् ?**

आयोग निरन्तर सुधारका प्रक्रियामा अघि बढेको छ, परीक्षा प्रणालीमा सामयिक सुधार गर्दै आएका छौं, पाठ्यक्रम परिमार्जन निरन्तर जारी छ, वृत्ति विकास केन्द्रित पाठ्यक्रमका लागि पनि धेरै काम गरिरहेका छौं । यसमा पनि हामीले अब दक्षता र विज्ञताका लागि सम्बन्धित सेवाको कर्मचारीले आन्तरिक प्रतिस्पर्धामा आफ्नो समूहमामात्र परीक्षा दिन पाउनेगरी व्यवस्था गर्न लागेका छौं ।

यो न्याय सेवामा सुरु भएको छ । गत वर्षदेखि हामीले इञ्जिनियरिङ सेवाको सिभिल समूहमा पनि लागू गरेका छौं । यसका साथै हामीले विगतको कुनै व्यक्तिको काम कारबाही र अहिलेको उसको अन्तरवार्ता र प्रस्तुतीकरणका आधारमा भविष्यमा यो कर्मचारीले कस्तो गर्न सक्छ भने अनुमान गर्न 'एसेसमेन्ट सेन्टर मेथडोलोजी' (एसिएम) भन्ने विश्वमा विकसित पद्धतिलाई परीक्षा प्रणालीमा अपनाएका छौं ।

**आयोगले पदपूर्तिका विभिन्न प्रक्रिया पूरा गरी योग्य र सक्षमलाई सिफारिस गर्छ । कतिपय कर्मचारी सेवा प्रवेशको सुरुमा नै अनियमिततामा मुछिने गरेका छन् । यसलाई नियन्त्रण गर्न के गर्नुपर्ला ?**

आयोगले कुनै पनि व्यक्तिलाई परीक्षण गर्ने भनेको १० प्रतिशत जतिमात्रै हो । यसलाई 'आइसबर्ग मोडेल' पनि भनिन्छ । हामीले विश्वव्यापी परीक्षण प्रविधि र विधि अध्ययन अवलोकन गरी पदपूर्ति गरिरहेका छौं तर व्यक्तिको १० प्रतिशतमात्र परीक्षणबाट ९० प्रतिशत विचार, दृष्टिकोण र सोचका विषयको आकलन गर्न सकिँदैन ।

कतिपय विषय व्यक्तिको पारिवारिक पृष्ठभूमि, रहनसहन तथा संस्कार र संस्कृतिले पनि राष्ट्र र समाजप्रति समर्पित छ कि छैन भन्ने कुरामा निर्भर हुन्छ । अर्को कुरा उसले कुन संस्थामा गएर काम गर्‍यो, त्यो संस्थाको संगठनात्मक संस्कृति कस्तो छ, सुविधा कस्तो छ, परिवारलाई पालनपोषण गर्ने सुविधा या आर्थिक जोहो छ वा छैन, यावत् कुराले व्यक्तिको इमान्दारी र निष्ठा निर्धारण हुन्छ । त्यसैले व्यक्तिको इमान्दारी, विवेक र सोच तथा शैली उसको सांस्कृतिक आधारमा निर्धारण हुने भएकाले घरपरिवारमा नैतिकताको शिक्षा अपरिहार्य हुन्छ ।

**आयोगको सिफारिसअनुसार कर्मचारी नपठाइने वा पदपूर्तिमा ढिलाइ हुने प्रवृत्ति पनि सुनिन्छ । यसलाई आयोगले कसरी लिएको छ ?**

आयोगलाई सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले यति पद रिक्त छन्, विज्ञापन गरिदिनुपर्‍यो भनेर आयोगमा मागपत्र प्राप्त भएपछि मात्र प्रक्रिया प्रारम्भ हुन्छ । तालिकाअनुसार हामी विज्ञापन प्रकाशन गर्छौं । अब कुनै निजामती, संगठित संस्था, सुरक्षा निकाय, विश्वविद्यालयले पद नै लुकाएर विज्ञापनका लागि पठाएको छ भने त्यो हामीलाई ज्ञात हुने विषय होइन ।

त्यसका लागि सम्बन्धित निकाय नै जिम्मेवार हुनुपर्छ । त्यहीका कर्मचारीहरूले नै आफ्नो संस्थामा के कस्तो अवस्था छ, निरन्तर जानकारी लिएर ध्यानाकर्षण गराउन पहलकदमी लिनुपर्छ । आयोगमा आइसकेपछि अदालती प्रक्रिया तथा यदाकदा र प्रतिकूल परिस्थितिमा ढिलो हुनेबाहेक आयोगको परीक्षा, परिक्षण र सिफारिसमा कुनै ढिलाइ हुँदैन । निर्वाचन, महामारीजस्ता कठिन अवस्थामामात्र तालिका केही प्रभावित भएको छ, अन्यथा हामी समयमै पदपूर्ति प्रक्रिया सम्पन्न गर्छौं ।

**निजामती सेवामा प्रवेश गर्न चाहने नयाँ पुस्तालाई तपाईंको सन्देश छ ?**

आयोगको माध्यमबाट हामीले निजामती सरकारी, संगठित संस्था, सुरक्षा निकाय र विश्वविद्यालयको सेवाका परीक्षा नियमितरुपमा सञ्चालन गरिराखेका छौं । लोकसेवा आयोगको माध्यमबाट सार्वजनिक सेवामा प्रवेश गर्नका लागि सबै नेपाली नागरिकलाई समान अवसर प्राप्त छ । समान अवसरमा आउन नसक्ने समावेशी समूहका लागि समावेशी समूहको सुविधा पनि छँदै छ । आफूलाई अपडेट गरेर जहिले पनि निरन्तर लागिरहे आयोगको माध्यमबाट यो सेवामा प्रवेश गरेर मुलुकको सेवा गर्नका लागि र आफूलाई योग्य प्रमाणित गर्नका लागि म सबैलाई आग्रह र आह्वान पनि गर्दछु । मुलुकको सेवा गर्ने र वृत्ति विकासका लागि सार्वजनिक सेवा उत्तम माध्यम हो ।

लोकसेवा आयोगमा प्रतिस्पर्धा ठूलो संख्यामा हुन्छ, सिट सीमित हुन्छ त्यसो भएको हुनाले पास हुनेभन्दा फेल हुनेको संख्या धेरै हुन्छ, जुन स्वाभाविकरुपमा राम्रो कुराचाहिँ होइन । प्रतिस्पर्धामा योग्य र सक्षमले सार्वजनिक प्रशासनमा सेवामा संलग्न होऊन् भन्ने आयोगको सोचाइ हुन्छ । तर दशौं बिसौंपटक आयोगको परीक्षामा अल्झिरहेर जीवनमा विकल्पको बाटो पनि नखोजेर यतैमात्रै निरन्तर लागिरहनु र दुःख पाउनुचाहिँ उपयुक्त हो जस्तो मलाई लाग्दैन । त्यस्ता व्यक्तिहरूले आफ्नो ल्याकतलाई बेलैमा विचार गरेर वैकल्पिक उपाय र रोजगारीको खोजी गर्नु पनि बुद्धिमत्तापूर्ण निर्णय हो जस्तो मलाई लाग्छ ।

**अहिले निजामती सेवालाई चुस्त बनाउन एक पटकका लागि ५५ वर्ष उमेर वा ३० वर्षे सेवा अवधि पूरा गरेकालाई अवकाश दिनेगरी कानुन ल्याउने चर्चा छ । तपाईं के भन्नुहुन्छ ?**

यस सम्बन्धमा सरकारले हामीलाई कुनै जानकारी नदिएकाले केही भन्न मिल्दैन । हामीले पनि मिडियाबाट सुनेका हौं ।

**अन्त्यमा, तपाईं थप केही भन्न चाहनुहुन्छ ?**

यो वर्ष आयोग आफ्नो स्थापनाको ७६औं वार्षिकोत्व मनाउँदै छ । गत वर्ष सुरु भएको हीरक महोत्सवको समापनका असार १ गते हुने छ । पब्लिक सर्भिस कमिसन आउटरिच प्रोग्राममार्फत हामीले हरेक प्रदेशमा विद्यार्थीहरूलाई नेटवर्किङ गरेर आफ्ना सन्देशहरू प्रवाह गरेका छौं । संगठित संस्थामा पदपूर्तिलाई प्रभावकारी बनाउन क्लस्टरअनुसार परीक्षा प्रणाली बनाउनेगरी प्रक्रियाको थालनी गरेका छौं । यसका लागि संगठित संस्थामा प्रमुख र प्रशासन प्रमुखहरूको बैठक राखेर छलफल गरेका छौं ।

कतिपय साना संगठित संस्थामा नयाँ जनशक्ति केही समय काम गर्ने फेरि अर्को संस्थामा गइरहने प्रवृत्ति छ । यो मानवीय प्रवृत्ति र व्यक्तिगत स्वतन्त्रता पनि हो । संविधान, ऐन, कानुनले रोक नलगाएसम्म यसलाई रोक्न नसकिने भएकाले निजामतीजस्तै संगठित संस्थाका पनि एउटा श्रेणी वा तहमा प्रवेश गरेका कर्मचारी सोही संस्थामा वृत्ति विकास गर्न सकून् भनी व्यवस्थित गर्न लागेका छौं । लोकसेवाको पदपूर्ति प्रक्रिया खर्चिलो रहेको सानो स्रोत साधन हुने संगठित संस्थालाई लोकसेवा आयोगका धेरै परीक्षा धान्न कठिन हुने भएकाले यसलाई व्यवस्थित गर्न सम्बन्धित पक्ष मिलेर लाग्नुपर्छ ।

"

- नेपालको संविधान जारी भएपछि आयोगको जिम्मेवारी, अधिकार र भूमिका बढेको छ । आयोगलाई संगठित संस्था र सुरक्षा निकायको पनि पदपूर्तिको सबै जिम्मेवारी प्रदान गरेको छ ।
- म आफैं प्रशासन सुधार कार्यान्वयन आयोगको सदस्य हुँदा हामीले संघमा ३२ हजार, प्रदेशमा २२ हजार र स्थानीय तहमा ४५ हजार कर्मचारीको दरबन्दी आवश्यकता पर्ने प्रतिवेदन तयार गरेका थियौं तर अहिले सबै तहका गरी मुलुकभर करिब एक लाख ५० हजार निजामती कर्मचारी छन् ।
- प्रदेश र स्थानीय तहमा दरबन्दीअनुसार पदपूर्ति नहुनुको कारण पहिले नै कर्मचारीको संख्या धेरै रहेको वा स्थानीय तहमा लामो समयदेखि ठूलो संख्यामा रहेका अस्थायी, करार र ज्यालादारी कर्मचारीका कारण पनि प्रदेशबाट नियमित पदपूर्ति नभएको हुन सक्छ ।
- २०६४ सालमा समावेशिताको प्रावधान सुरूआत गर्दा १० वर्षमा पुनरवलोकन गर्ने भनिएको थियो तर हालसम्म त्यसको कुनै पुनरवलोकन भएको छैन ।
- लोकसेवामा भनसुन लाग्दैन । योग्यता, निष्पक्षता र स्वच्छताको मूल मर्म कायम राख्नेगरी संविधानबमोजिम शपथ लिएका हामी आयोगका पदाधिकारी संवैधानिक दायित्वअन्तर्गत कार्यसम्पादन गर्छौं ।
- आयोगले कुनै पनि व्यक्तिलाई परीक्षण गर्ने भनेको १० प्रतिशत जतिमात्रै हो । यसलाई 'आइसबर्ग मोडेल' पनि भनिन्छ ।



**रक्तदान गर्दै सशस्त्र प्रहरी** | सशस्त्र प्रहरी बल नेपाल नं ४ मुक्तिनाथ बाहिनी मुख्यालय, कास्कीद्वारा आइतबार फेवाताल किनारा बाराहीघाटमा आयोजित खुला रक्तदान कार्यक्रममा रक्तदान गर्दै रक्तदाता । *तस्बिरः रासस*

# बाँदर आतंकका कारण खाद्यबालीको विकल्प रोज्दै किसान

**ढोरपाटन (बागलुङ)–** बागलुङका किसानले बाँदर आतंकका कारण परम्परागत खेती गर्न छाडेका छन् । बसाइँसराइका कारण गाउँघर सुनसान हुँदै गएपछि बाँदर आतंक बढेको हो ।

खेतबारीमा लगाएको मकै, गहुँ, कोदो, फापरलगायत फलफूल नष्ट गरिदिएपछि बाँदरले नष्ट नगर्ने खेती गर्न थालेका हुन् । किसानले खाद्यबालीको विकल्पमा अकबरे खुर्सानीको खेती गर्न थालेका छन् ।

जिल्लाको काठेखोला गाउँपालिका-८ का किसान प्रेमप्रसाद कँडेलले मकै पाउन थालेदेखि बाँदरले नष्ट गर्न सुरु गर्ने भन्दै अहिले मकै नलगाएर अकबरे खुर्सानी लगाउन थालेको बताए । अकबरे बाँदरले नष्ट गर्न नसक्ने उनको भनाइ छ । पहिलोपटक अकबरेखेती गर्न थालेको र यसको बजार राम्रो भएको उनको भनाइ छ ।

कँडेलले भने, 'हामी त हैरानै भयौं, बाँदरले बारीकोमात्रै होइन घरको बार्दलीमै आएर अन्नबाली नष्ट गरिदिन्छ, अहिले त्यही भएर खाद्यबाली लगाउने ठाउँमा अकबरे लगाएको छु, अब गहुँ मकै लगाएर त भित्र्याउन नदिने भयो, बाँदर मार्न पाइँदैन भन्छन्, बाँदरले हामीलाई त दिनु दुःख दिएको छ, केही विकल्प त खोज्नै पर्‍यो ।'

बागलुङ नगरपालिका-११ रायडाँडामा पनि बाँदरले सताएपछि किसानले अकबरे र अदुवाखेती गर्न थालेको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले बताए । उनका अनुसार गाउँको विभिन्न स्थानमा यस वर्ष यहाँ ४० हजार अकबरेका बिरुवा रोपिएको छ । बाँदरका कारण किसान ठूलो मर्कामा परेको भन्दै यसको नियन्त्रणका लागि योजना बनाइ रहेको उनको भनाइ ।

'बाँदरले धेरै दुःख दिएपछि यस वर्ष अकबरेखेती गर्न सुरुआत गरेका छौं, किसानले बारीमा अकबरे लगाउनुभएको छ, यो परीक्षण पनि हो,' अध्यक्ष गौतमले भने, 'राम्रो भयो भने आगामी वर्षदेखि वडाभरि अकबरे लगाउँछौं, यस खेतीले किसानलाई केही राहत दिन्छ कि भन्ने अपेक्षा लिएका छौं ।'

खाद्यबाली बाँदरले नष्ट गरेपछि तरकारीखेतीतर्फ लागेको स्थानीय तमबहादुर थापाले बताए । तरकारी बाँकी नराख्ने हुँदा यसपालि अकबरे लगाएको उनको भनाइ छ । सरकारले बाँदर नियन्त्रण गर्ने नीति नलिए किसानले राम्रो उत्पादन गर्न नसक्ने थापा बताउँछन् । यस वर्ष रायडाँडामा पहिलो चरणमा यहाँका ७५ जना किसान अकबरे खुर्सानी उत्पादनमा लागेका छन् । ४० हजार रुपैयाँको बीउ ल्याएर ४० हजार बिरुवा उत्पादन गरिएको । यो योजना सफल भएमा बाँदरको आतंक भएका अन्य गाउँमा पनि अकबरेखेती गर्न सकिने छ । *रासस*

# भित्तेचित्रले बदलिँदै नेपालगञ्जको रूप

**राँझा (बाँके)–** नेपालगञ्ज उपमहानगरपालिकाले सहरका सरकारी तथा सार्वजनिकस्थलको सुन्दरता बढाउन सुरु गरेको भित्तेचित्र अभियानले सहरको रूप बदलिँदै गएको छ ।

धूलो, मैलो र जथाभावी फोहोरको चपेटामा परेका कंक्रिटका फुस्रा पर्खालमा भित्तेचित्रले सहरको सौन्दर्यमा एउटा नयाँ र उमंगमय रङ थपिदिएको छ । उपमहानगरपालिकाको यस पहललाई 'क्रियटिभ आर्ट' समूहका स्थानीय कलाकारहरूले आफ्नो सिर्जना र पसिनाले मूर्तरूप दिइरहेका छन् ।

कलाकारहरू गणेश श्रीष, सामर्थ्य थापा, तारा गुरुङ, टेकराज नेपाली, प्रेम विक र मायाराम रैदासलगायतको टोली हिजोआज हातमा ब्रस र रङका बट्टा बोकेर सहरका भित्ताहरूलाई सजाउन व्यस्त छन् । तिनै कलाकारहरूले कोरेका चित्रहरूमा यस क्षेत्रको विशिष्ट पहिचान, परम्परा, स्थानीय वेशभूषा, ऐतिहासिक सम्पदा र सांस्कृतिक विविधता प्रस्टरूपमा झल्किएको देख्न सकिन्छ ।

'सहरका मुख्य सार्वजनिक पर्खाल तथा चोकहरूमा हामीले भित्तेचित्र कोरिरहेका छौं,' कलाकार ताराबहादुर गुरुङले उत्साहका साथ भने, 'यो केवल पेन्टिङमात्र होइन, नेपालगञ्जको इतिहास र वर्तमानलाई भित्तामा जीवन्त राख्ने प्रयास हो ।'

उपमहानगरपालिकाले सुरु गरेको भित्तेचित्र अभियान सहरको सौन्दर्य, कला र संस्कृतिको जगेर्ना सँगसँगै कलाकारको सम्मान भएको उनले बताए । यो अभियानबाट कलाकारले आफ्नो कला परिश्रम बेचेर आर्थिक आम्दानी गर्न सकेको उनको भनाइ छ ।

यो अभियान केवल सहर सजाउने रहरमात्र नभएर यस क्षेत्रको बृहत्तर विकाससँग जोडिएको योजना हो । खुला र अव्यवस्थित पर्खाललाई व्यवस्थित गर्दै सहरको सौन्दर्य अभिवृद्धि गर्ने र यहाँ आउने आन्तरिक पर्यटकका लागि थप आकर्षण सिर्जना गर्ने नगरको दीर्घकालीन लक्ष्य रहेको नगर प्रमुख प्रशान्त विष्टले बताए ।

'भित्तेचित्रमा यस क्षेत्रको कला र संस्कृति, विशिष्ट पहिचान, परम्परा र ऐतिहासिक सम्पदा झल्कने आकृतिहरू कोरिने छन्,' नगरप्रमुख विष्ट भन्छन्, 'भित्तेचित्र अभियानले नेपालगञ्जलाई अझ आकर्षक, सुन्दर र पर्यटकीयरूपमा जीवन्त बनाउन ठूलो मद्दत पुर्‍याउने छ ।' सहरमा कलाको सुगन्ध फैलिरहँदा मिहेनतले बनाइएका पेन्टिङलाई दीर्घकालसम्म जोगाउने चुनौतीसँगै उभिएको छ । सुन्दर चित्रमाथि जथाभावी फोहोर फाल्ने, शौच गर्ने, गुट्खा थुक्ने र केरमेट गर्ने पुरानो सामाजिक कुसंस्कार र प्रवृत्ति अहिले पनि कायमै छ । कलाकारले दिनरात खटेर बनाएका यी कलाकृतिलाई विकृत हुनबाट जोगाउनु अहिलेको सबैभन्दा ठूलो चुनौती बनेको उनको भनाइ छ ।

सहरको सुन्दरता त्यहाँको पूर्वाधारलेमात्र नभई त्यहाँ बस्ने नागरिकको चेतनाले निर्धारण गर्ने भएकाले नेपालगञ्जलाई सुन्दर र सांस्कृतिक पहिचान बोकेको सहरका रूपमा स्थापित गर्न प्रत्येक नगरवासीले भित्तेचित्रलाई आफ्नै सम्पत्ति सम्झिएर अपनत्व ग्रहण गर्नुपर्ने उपमहानगरपालिकाका प्रवक्ता एवं वडा नं १ का वडाध्यक्ष प्रमोद रिजालले बताए ।

जबसम्म नागरिकस्तरमा 'यो मेरो सहर हो र यसलाई सफा राख्नु मेरो कर्तव्य हो' भन्ने सचेतना आउँदैन, तबसम्म जतिसुकै राम्रा रङ भरे पनि सहरको रूप फेरिन नसक्ने भएकाले स्थानीय तह, कलाकार र आमनागरिकको साझा जिम्मेवारीलेमात्रै यी भित्तामा कोरिएका सुन्दर सपनालाई लामो समयसम्म सुरक्षित र जीवन्त राख्न सकिने उनको भनाइ छ । *रासस*

# दामोदरकुण्ड तीर्थयात्रीलाई निःशुल्क भोजनको व्यवस्था

**मुस्ताङ–** लोघेकर दामोदरकुण्डस्थित धार्मिक तीर्थस्थल दामोदरकुण्ड दर्शन गर्न जाने तीर्थयात्रीलाई लक्षित गरी दुई महिनाका लागि निःशुल्क भोजनसहित आवासको व्यवस्था गरिएको छ । समुद्री सतहको चार हजार ९९० मिटर उचाइमा अवस्थित प्रसिद्ध धार्मिकस्थल जाने पदमार्ग घिमेठाँटी र दामोदरकुण्ड धर्मशालामा तीर्थयात्रीका लागि निःशुल्क भोजन र आवासको प्रबन्ध मिलाइएको हो ।

दामोदरकुण्ड मुक्तिनाथ विकास समितिको क्षेत्राधिकारभित्र रहेको पवित्र धार्मिकस्थल दामोदरकुण्ड दर्शन गर्न जाने तीर्थयात्रीका लागि म्याग्दीको अन्नपूर्ण-३ नारच्याङस्थित पुण्यश्वर महादेव शिवालय उपसमितिले निःशुल्क भोजन र त्यहाँ रहेको धर्मशालामा आवासको व्यवस्था मिलाएको विकास समितिका कोषाध्यक्ष एवं दामोदरकुण्ड तीर्थयात्री भोजन व्यवस्थापक समिति संयोजक मोहन पुर्जाले जानकारी दिए ।

बर्सेनि बर्खायामको दुई महिना उपसमितिले संकलन गरेको चन्दाबाट निःशुल्क भोजनको व्यवस्था मिलाउँदै आएको उनले बताए । यस वर्ष पनि दामोदरकुण्ड तीर्थ गर्ने अनुकूल याम सुरु भएकाले जेठ २५ गतेदेखि साउनसम्म तीर्थयात्रीलाई खान र बस्न व्यवस्थित प्रबन्ध गरिएको संयोजक पुर्जाले उल्लेख गरे । म्याग्दीस्थित गलेश्वरधामबाट बर्सेनि मुक्तिदान उठाउने गरेको र उपसमितिको आंशिक अक्षयकोषबाट खर्चिने गरी तीर्थयात्रीका लागि निःशुल्क भोजनलगायत व्यवस्था गरिएको पुर्जाको भनाइ छ ।

उपसमितिद्वारा संकलित चन्दा दानको रकम खर्चिने गरी भोजन व्यवस्थापन गर्न चार जना खटाइएको छ । दामोदरकुण्डमा दुई र घिमेठाँटीमा दुई कर्मचारीलाई भोजनको व्यवस्था मिलाउन खटाइएको छ । यसका लागि बर्सेनि पाँच लाख रुपैयाँभन्दा बढी खर्च हुने गरेको व्यवस्थापक पुर्जाले बताए ।

वि.सं. २०६४ देखि नारच्याङस्थित गुप्तेश्वर महादेव उपसमितिले दामोदरकुण्ड तीर्थयात्रीका लागि निःशुल्क भोजनको व्यवस्था मिलाउँदै आएकामा कोभिड-१९ को समयमा दुई वर्ष तीर्थयात्रा बन्द हुँदा कार्यक्रम रोकिएको व्यवस्थापक पुर्जाले जानकारी दिए । तीर्थयात्रीका लागि भोजनसहित बासको व्यवस्था भएपछि ठूलो राहत मिलेको लोघेकर दामोदरकुण्ड-४ का वडासदस्य कृष्णकुमारीले जानकारी दिए । तीर्थयात्रीले भोजन र बस्नका लागि लत्ताकपडाको व्यवस्था मिलाउँदै यात्रा गर्न कठिन हुने भएकाले यस प्रकारको सुविधाले दर्शनार्थीको यात्रालाई सहज बनाएको उनले उल्लेख गरे । *रासस*

# फोहोरबाट रोजगारी र आम्दानी



**घोडाघोडी (कैलाली)–** कैलालीको गोदावरी नगरपालिका-४ खैरानाका जंगबहादुर चौधरीले फोहोर व्यवस्थापन क्षेत्रमा काम गर्न थालेको नौ वर्ष भएको छ । आठ वर्षसम्म नगरपालिकामार्फत फोहोर व्यवस्थापन गर्दै आएका उनी अघिल्लो साउनदेखि गोदावरी नगरपालिकामा रहेको एकीकृत फोहोर व्यवस्थापन केन्द्रमा कार्यरत छन् ।

चौधरी अहिले फोहोर छुटट्याउने र व्यवस्थापन गर्ने काम गर्दै मासिक करिब १७ हजार रुपैयाँ आम्दानी गरिरहेका छन् । उनका अनुसार यस कामले रोजगारीको अवसर दिएको भए पनि फोहोरसँगको प्रत्यक्ष सम्पर्क, दुर्गन्ध र स्वास्थ्य जोखिम भने निरन्तर चुनौतीका रूपमा रहेका छन् ।

गोदावरी नगरपालिका-१० की प्रियंका जोराइला पनि विगत चार महिनादेखि सोही केन्द्रमा फोहोर छुटट्याउने र व्यवस्थापन गर्ने काम गर्दै आएकी छन् । पहिले कपडा पसलमा काम गर्ने उनी अहिले मासिक करिब १६ हजार रुपैयाँ आम्दानी गरिरहेकी छन् । उनीहरूजस्तै उक्त फोहोर व्यवस्थापन केन्द्रमा करिब १०० जनाले रोजगारी पाएका छन् ।

गोदावरीमामात्रै होइन, कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामासमेत फोहोर व्यवस्थापनका माध्यमबाट स्थानीयले रोजगारी पाउँदै आएका छन् । यसरी सुदूरपश्चिमका स्थानीय तहहरूमा फोहोर व्यवस्थापन अब केवल सरसफाइको काममात्र नभई रोजगारी र जीविकोपार्जनसँग पनि जोडिन थालेको छ । स्थानीयस्तरमै सिर्जना भएको यो रोजगारीले फोहोरलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्न सकिने सम्भावनालाई थप स्पष्ट पारेको छ ।

यही अभ्यासलाई अझ संस्थागत र प्रभावकारी बनाउन सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहले वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागितासहित फोहोरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्ने प्रयास अघि बढाएका छन् ।

कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र यसैको उदाहरण हो । चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब एक अर्ब रुपैयाँ लागतमा निर्माण गरिएको यस केन्द्रमा फोहोर छुटट्याउने, प्रशोधन गर्ने र पुनः प्रयोग गर्ने प्रणाली सञ्चालनमा छ । यसले वातावरणीय प्रदूषण न्यूनीकरणसँगै दिगो फोहोर व्यवस्थापनको आधार तयार गरेको छ ।

नगरप्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहोर वर्गीकरण गर्ने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने नगरपालिकाले यसबाट राजस्वसमेत प्राप्त गर्न थालेको छ । यस केन्द्रको सञ्चालनमा निजी क्षेत्रको सहभागिता पनि उल्लेखनीय छ । स्वच्छ वातावरण प्रालिले फोहोर व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ । कम्पनीका सञ्चालक गोविन्द रावलका अनुसार संकलित फोहोरमध्ये करिब ७० प्रतिशत पुनः प्रयोगयोग्य सामग्रीका रूपमा व्यवस्थापन गरिन्छ । कुहिने फोहोरबाट जैविक मल उत्पादन गरिन्छ भने अन्य सामग्री पुनः प्रयोगका लागि पठाइन्छ । यसरी फोहोरलाई सही ढंगले व्यवस्थापन गर्न सकिएमा यो समस्या होइन, अवसर बन्न सक्ने उनी बताउँछन् ।

कम्पनीले वार्षिकरूपमा नगरपालिकालाई राजस्व बुझाउने गरेको छ । कम्पनीको मासिक आम्दानी करिब २६ लाख रुपैयाँसम्म पुग्छ । आम्दानी र खर्च बराबरजस्तै भए पनि कम्पनीले १०० व्यक्तिलाई रोजगारी प्रदान गर्दै आएको रावल बताउँछन् । कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पनि एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्रमार्फत यस्तै अभ्यास अघि बढाइएको छ । केन्द्र निर्माण हुनुअघि जंगल क्षेत्रमा फोहोर व्यवस्थापन गरिँदै आएकामा एक वर्षअघि केन्द्र सञ्चालनमा आएपछि व्यवस्थापन कार्य सहज भएको शुक्लाफाँटा नगरपालिकाका प्रमुख रणबहादुर महराले बताए ।

दैनिक करिब छ टन फोहोर संकलन हुने अनुमानका आधारमा २० वर्षसम्म व्यवस्थापन गर्न सकिनेगरी केन्द्र निर्माण गरिएको भए पनि हाल दैनिक करिब तीन टनमात्र फोहोर संकलन भइरहेको उनले जानकारी दिए । यस अवस्थालाई हेर्दा केन्द्रको आयु ४० वर्षसम्म पुग्न सक्ने नगरप्रमुख महराको भनाइ छ ।

उनका अनुसार केन्द्र सञ्चालनपछि टयाक्टर चलाउनेदेखि फोहोर छुटट्याउनेसम्मका काममा स्थानीयवासी नै संलग्न रहेका छन्, जसले रोजगारीको अवसर पनि सिर्जना गरेको छ । धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा यस्ता संरचना निर्माण भएका छन् । एसियाली विकास बैंक (एडिबी)को सहयोगमा क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत यी परियोजना अघि बढाइएका हुन् ।

यता कैलालीको धनगढी उपमहानगरपालिकामा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण भइसकेको भए पनि सञ्चालनमा आउन बाँकी छ । तर उपमहानगरपालिकाले फोहोर व्यवस्थापनका लागि विगतका वर्षहरूबाट नै निजी कम्पनीमार्फत ठेक्का लगाई आम्दानी गरिरहेको छ । उपमहानगरपालिकाले नकुहिने फोहोरबाट आयआर्जन तथा कुहिने फोहोरबाट मल बनाउने उद्देश्यका साथ २०८० साउनमा ३१ लाख ५५ हजार रुपैयाँ लगानीमा सूक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको थियो ।

उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई निजी कम्पनीमार्फत ठेक्का लगाई फोहोर बिक्री गर्दै आएको उपमहानगरपालिकाको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थी बताउँछन् । धनगढीको नन्दादेवी सेवा केन्द्रलाई आव २०८१/८२ मा ७२ लाख रुपैयाँमा पाँच वर्षका लागि ठेक्का दिइएको छ । ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्नेगरी ठेक्का सम्झौता गरेको अवस्थीले बताए ।

यी अभ्यासहरूले फोहोर व्यवस्थापनलाई केवल सरसफाइको विषयमा सीमित नराखी वातावरण संरक्षण र आर्थिक अवसरसँग जोड्न सकिन्छ । तर संवेदनशील वन क्षेत्रमा अझै पनि फोहोर थुपारिने अभ्यास जारी रहनु चुनौतीपूर्ण देखिएको छ । *रासस*


**कतारमा रोजगार** कम्पनी : AL-NWR LLTJARH WALTNZYFAT WALKHDMAT

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343437 | चलानी नं. ६०२५६७९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Service Agents | 0 | 11 | 1200 | ५०,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५

**साउदीमा रोजगार** कम्पनी : ZUHAL ARABIAN COMPANY SAUDI

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343360 | चलानी नं. ६०२५६७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load and Unload Workers | 3 | 0 | 2000 | ८१,०१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

**कुवेतमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!

कम्पनी : ALI MOHAMMAD THUNAYAN AL-GHANIM & SONS AUTOMOTIVE CO.

पूर्व स्वीकृति मिति : २०८२/०२/१९ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ | LT. No. 326725 | चलानी नं. ६०२४०६१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Technicians | 3 | 0 | 255 | १२५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Parts Picker | 2 | 0 | 150 | ७३,९५५ | | | | | | | |
| 3 | Cleaning Labour -indoor | 2 | 0 | 85 | ४१,९०५ | | | | | | | |
| 4 | Denter For Car | 2 | 0 | 255 | १२५,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**कतारमा रोजगार** कम्पनी : Future Deal Trading

पूर्व स्वीकृति मिति : २०८२/११/०४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ | LT. No. 339022 | चलानी नं. ६०२५२५५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 5 | 2 | 1000 | ४१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tailors (Female) | 0 | 1 | 1800 | ७५,०९० | | | | | | | |
| 3 | Salesperson (Male) | 1 | 0 | 1500 | ६२,५७५ | | | | | | | |
| 4 | Salesman | 3 | 0 | 1500 | ६२,५७५ | | | | | | | |
| 5 | Sales Persons | 0 | 1 | 1500 | ६२,५६५ | | | | | | | |
| 6 | Labour | 5 | 0 | 1000 | ४१,७१५ | | | | | | | |
| 7 | Helper | 2 | 0 | 1000 | ४१,७१५ | | | | | | | |
| 8 | Cleaners (Male) | 1 | 0 | 1000 | ४१,७१५ | | | | | | | |

कम्पनी : New Jersey Wedding And Services

पूर्व स्वीकृति मिति : २०८२/११/१३ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/३१ | LT. No. 339467 | चलानी नं. ६०२५२९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Services Agent | 5 | 5 | 1500 | ६२,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ८ गते (22nd Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९३२०० | प्रति तोला – ० | प्रति तोला – ४८९५ |



**चैते धान भित्र्याउँदै किसान** | तनहुँको ब्यास नगरपालिका–११ स्थित घाँसीकुवामा चैते धान भित्र्याउँदै किसान । *तस्बिर: रासस*

## इप्पानको नयाँ नेतृत्वले लिए शपथ

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) को नवनिर्वाचित नेतृत्वले आइतबार विशेष समारोहबीच पद तथा गोपनीयताको शपथ लिएको छ । शपथग्रहणपछि नवनिर्वाचित पदाधिकारी तथा कार्यसमिति सदस्यहरूलाई निवर्तमान अध्यक्ष गणेश कार्की र निर्वाचन समितिका प्रमुखले प्रमाणपत्र प्रदान गरेका थिए ।

इप्पानको विधानअनुसार वरिष्ठ उपाध्यक्ष रहेका मोहनकुमार डाँगी स्वत: अध्यक्ष बनेका छन् । नवगठित कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा उत्तम ब्लोन लामा, महासचिवमा टिएन आचार्य तथा उपमहासचिवमा कविता पोखरेल निर्वाचित भएका छन् । त्यसैगरी उपाध्यक्षहरूमा उत्तरकुमार श्रेष्ठ, सुशन कर्माचार्य, हिम पाठक, विक्रम विष्ट र नरेन्द्र बल्लभ पन्त निर्वाचित भएका छन् । सचिव पदमा कृष्ण घिमिरे, कुवेरमणि नेपाल, अभिज्ञा मल्ल, ईशा श्रेष्ठ, सुमन जोशी तथा विजयमोहन भट्टराई निर्वाचित भएका छन् । कोषाध्यक्षमा शंकर बस्याल निर्वाचित भएका छन् ।

शपथग्रहण समारोहमा नवनिर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूले इप्पानलाई अझ सशक्त, प्रभावकारी र ऊर्जा क्षेत्रको साझा आवाजका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । प्रमाणपत्र ग्रहणपछि प्रतिक्रिया दिँदै इप्पानका नवनिर्वाचित सचिव तथा विकास हाइड्रोपावर, बूढीगण्डकी हाइड्रोपावर र साँग्रिला हाइड्रोपावरका प्रबन्ध निर्देशक कृष्ण घिमिरेले नेपालको आर्थिक समृद्धि, औद्योगिक विकास र ऊर्जा सुरक्षाको आधार जलविद्युत् क्षेत्र रहेको बताएका छन् ।



उनले ऊर्जा क्षेत्रमा देखिएका नीतिगत जटिलता, प्रसारण पूर्वाधारका समस्या, लगानीकर्ताले भोगिरहेका चुनौती तथा परियोजना कार्यान्वयनका अवरोधहरू हटाउन नयाँ नेतृत्व दृढतापूर्वक लाग्ने बताए । 'नेपालको समृद्धिको आधार जलविद्युत् हो । हामीसँग पर्याप्त प्राकृतिक स्रोत छ, तर त्यसको अधिकतम उपयोग हुन सकेको छैन । अब ऊर्जा क्षेत्रलाई थप व्यवस्थित, लगानीमैत्री र प्रतिस्पर्धी बनाउँदै आमूल परिवर्तन ल्याउने दिशामा हामी काम गर्नेछौं,' घिमिरेले भने ।

उनले सरकार, निजी क्षेत्र र ऊर्जा क्षेत्रका सरोकारवालाबीच बलियो सहकार्य आवश्यक रहेको उल्लेख गर्दै गैरआवासीय नेपाली (एनआरएन) समुदायको लगानी जलविद्युत् क्षेत्रमा आकर्षित गर्न विशेष पहल गरिने बताए ।

'विश्वभर फैलिएका नेपालीहरूको पुँजी, अनुभव र सञ्जाललाई नेपालको ऊर्जा विकासमा जोड्न आवश्यक छ । गैरआवासीय नेपालीहरूको लगानी भित्र्याउन र ऊर्जा क्षेत्रलाई अन्तर्राष्ट्रिय लगानीका लागि अझ आकर्षक बनाउन इप्पानले प्रभावकारी भूमिका खेल्नेछ,' उनले बताए ।

घिमिरेले निजी क्षेत्रको सक्रिय सहभागिताले नै नेपाललाई हजारौं मेगावाट विद्युत् उत्पादनको चरणमा पुऱ्याएको उल्लेख गर्दै आगामी दिनमा विद्युत् निर्यात विस्तार, प्रसारण पूर्वाधार सुदृढीकरण तथा ऊर्जा व्यापारलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउनुपर्ने धारणा व्यक्त गरे । नयाँ नेतृत्व चयनसँगै ऊर्जा क्षेत्रका लगानीकर्ता तथा सरोकारवालाहरूले इप्पानले अब जलविद्युत् क्षेत्रका चुनौती समाधान, लगानी प्रवर्द्धन, विद्युत् व्यापार विस्तार, नीतिगत सुधार तथा निजी क्षेत्रको हकहित संरक्षणमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा गरेका छन् ।

## बन्द हुँदै चिया उद्योग समस्यामा किसान



**इलाम–** भारतले नेपाली चियामा कडाइ गरेपछि इलामको सूर्योदय क्षेत्रका चिया उद्योग बन्द हुने भएका छन् । त्रिपन्न उद्योग आबद्ध रहेको सूर्योदय अर्थोडक्स टी प्रोड्युसर्स एसोसिएसन नेपालले आज असार १ गतेदेखि उद्योग बन्द गर्ने घोषणा गरेको छ ।

संस्थाका अनुसार भारतीय बजारमा पुगेको तीन लाख किलोभन्दा बढी नेपाली चिया गुणस्तर परीक्षणका नाममा अलपत्र छ भने उद्योगमा सात लाख किलोभन्दा बढी तयारी चिया थन्किएको छ । भण्डारण क्षमता भरिएपछि उद्योग सञ्चालन गर्न नसकिएको एसोसिएसन अध्यक्ष डिल्ली श्रेष्ठले बताए ।

'किसानबाट खरिद गरिएको हरियोपत्ती प्रशोधन गरेर तयारी चिया बनाएका छौं, तर बजारमा बिक्री हुनसकेको छैन । भण्डारण गर्ने ठाउँसमेत भरिइसकेको छ,' अध्यक्ष श्रेष्ठले भने, 'किसानलाई भुक्तानी रोक्न मिल्दैन, त्यसैले उद्योग बन्द गर्नुबाहेक अर्को विकल्प रहेन ।'

भारतले सन् २०२६ मे १ देखि नेपालबाट आयात हुने चियामा 'स्टयाण्डर्ड अपरेटिङ प्रोसिडयुर' (एसओपी) लागू गरेको छ । यसअनुसार प्रत्येक गाडीको चिया छुट्टाछुट्टै परीक्षण गर्नुपर्ने, प्रतिवेदन आउन २० दिनभन्दा बढी लाग्ने र नतिजा नआएसम्म बिक्री गर्न नपाइने व्यवस्था गरिएको छ । परीक्षणमा असफल भए चिया नष्ट गर्नुपर्ने वा फिर्ता ल्याउनुपर्ने बाध्यता छ ।

'उत्पादन भएको चिया बजारमा पुऱ्याउने बाटो नै बन्दजस्तै भएको छ,' उद्योगी गोपाल कट्टेलले भने, 'भारतले विभिन्न प्राविधिक झण्झट सिर्जना गरेर नेपाली चिया रोकेपछि उद्योग सञ्चालन गर्न सक्ने अवस्था रहेन ।' नेपाली चियाको निर्यात समस्या समाधान गर्न संघीय सरकारले प्रभावकारीरुपमा पहल गर्नुपर्ने उनको भनाइ छ । 'सरकारले समयमै कूटनीतिक पहल गरेर निर्यात सहजीकरण गर्न पहल गर्नुपर्छ,' कट्टेलले भने, 'अवरोध हटाउन पहल नभए अर्बौं रुपैयाँको नेपाली चियाको बजार गुम्ने खतरा छ ।'

उद्योग बन्द हुँदा हजारौं किसान प्रभावित हुने छन् । एसोसिएसनका अनुसार सूर्योदय नगरपालिकामा दुई हजार ९९५ चिया किसान छन् । यहाँ ३३ हजार ६५५ रोपनी क्षेत्रफलमा चियाखेती हुँदै आएको छ, जहाँबाट वार्षिक दुई करोड किलो हरियोपत्ती उत्पादन हुन्छ । 'उद्योग बन्द भयो भने आम्दानी नै रोकिन्छ, परिवार कसरी चलाउने ? हाम्रो त रोजिरोटी हराउँछ,' किसान राजन भट्टराई भन्छन्, 'उद्योग बन्द भएपछि हाम्रो हरियोपत्ती बिक्दैन । अब कसरी बाँच्ने भन्ने चिन्ता बढ्यो ।'

६५ भन्दा बढी चिया उद्योग रहेको सूर्योदय नगरपालिकाले चिया बिक्रीका लागि भारतीय अवरोध खुला गर्न तत्काल उच्चस्तरीय कूटनीतिक पहलका लागि परराष्ट्र मन्त्रालयसँग माग गरेको छ । नगरले भारतको कोलकाता पुगेका नेपाली चियाका 'कन्साइनमेन्ट'माथि भारतीय चिया बोर्डले आयातकर्ताको गोदाममै प्रवेश गरी प्रत्येक बोराको नमूना संकलन र परीक्षण गर्न थालेको तथा आधा दर्जनभन्दा बढी ट्रकबाट नमूना संकलन गरिएको एक साता व्यतीत भइसक्दा पनि प्रयोगशालाको प्रतिवेदन प्राप्त नभएर प्रतिवेदनबेगर बिक्री-वितरण पूर्ण रोक लगाइएको पाएको जनाएको छ ।

'झण्झटिलो प्रक्रियाका कारण गुणस्तरीय नेपाली चिया भारतीय गोदाममै थन्किएर गुणस्तर ह्रास हुने र बिग्रिने जोखिम छ,' सूर्योदय नगरपालिकाका कार्यवाहक प्रमुख दुर्गाकुमार बरालले भने, 'भारतीय अवरोध हटाउन नेपाल सरकारले उच्चस्तरीय कूटनीतिक पहल गर्नुपर्छ ।'

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका नवीन कोइरालाका अनुसार नेपालबाट बर्सेनि ७० लाख किलोभन्दा बढी अर्थोडक्स तयारी चिया निर्यात हुन्छ । जसको ९० प्रतिशतभन्दा बढी भारतीय बजारमा जाने गरेको छ । वार्षिक सवा चार अर्ब रुपैयाँभन्दा बढीको तयारी चिया निर्यात हुने नेपालमा अर्थोडक्स चिया मुख्यत: इलाम, पाँचथर र धनकुटामा उत्पादन हुन्छ । *रासस*

## भारतीय पर्यटकलाई पोखरा घुम्ने निम्तो

**गण्डकी (प्रस)–** भारतीय सहर कोलकातामा पोखरा र कोलकाताका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी 'बिटुबी' एवं 'सेल्स मिसन' सम्पन्न भएको छ ।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्टस् (नाट्टा) गण्डकीको 'पोखरा-नेपाल प्रवर्द्धन अभियान २०२६' अन्तर्गत शनिबार आयोजित 'बिटुबी' एवं 'सेल्स मिसन'मार्फत पोखरा र कोलकाताबीच पर्यटन साझेदारीलाई अगाडि बढाइएको हो । त्यस क्रममा पोखराका पर्यटन व्यवसायीले भारतीय पर्यटन व्यवसायीलाई आकर्षक 'प्याकेज' सहितको भ्रमण योजना प्रस्तुत गरेका थिए । भारतीय पर्यटन व्यवसायीले आगामी दिनमा थप भारतीय पर्यटक नेपाल पठाउने प्रतिबद्धता जनाएको नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले बताए ।

भारतीय पर्यटन व्यवसायीले पोखरा, मुक्तिनाथ, अन्नपूर्ण क्षेत्र र गण्डकी प्रदेशका अन्य पर्यटकीय गन्तव्यलाई भारतीयमाझ चिनाउने र घुम्नका लागि प्रेरित गर्ने बताएको उनको भनाइ छ । कार्यक्रममा कोलकातास्थित नेपाली महावाणिज्यदूत झक्कप्रसाद आचार्यले पर्यटनले नेपाल र भारतबीचको मित्रता, संस्कृति र आर्थिक समृद्धिमा थप टेवा पुग्ने बताए । 'बिटुबी' एवं 'सेल्स मिसन'ले पश्चिम बंगाल र पोखराबीच सहकार्य र पर्यटन विस्तारका लागि नयाँ आधार तयार गरेको उनको भनाइ थियो ।

पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा र कोलकाताबीच सांस्कृतिक र जनस्तरको सम्बन्ध रहेको बताए । उनले पर्यटन साझेदारीले दुवै ठाउँले लाभ लिन सक्ने धारणा राखे । कार्यक्रममा सहभागी भारतीय पर्यटन व्यवसायीले पोखरालाई दक्षिण एसियाकै उत्कृष्ट पर्यटन गन्तव्यमध्ये एक भएको बताएका थिए । पर्यटकीय राजधानी पोखरासहित गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि पोखरा र कोलकाताका पर्यटन व्यवसायीबीच व्यावसायिक साझेदारी 'बिटुबी' एवं 'सेल्स मिसन' आयोजना गरिएको हो ।

अध्यक्ष दाहालले पश्चिम बंगालका बासिन्दालाई लक्षित गरेर कोलकातामा पोखराको पर्यटन प्रवर्द्धन गरिएको बताए । 'पछिल्लो समय पोखरासहित नेपालका विभिन्न गन्तव्यस्थलमा भारतीय पर्यटकको आवागमन बढेको छ,' उनले भने, 'बिटुबी कार्यक्रमले नेपालमा भारतीय पर्यटकको सफ्यालाई थप वृद्धि गर्न मद्दत पुग्ने छ ।'

कार्यक्रममा पोखरासहित समग्र नेपालको पर्यटन गतिविधि समेटिएको वृत्तचित्र, प्रवर्द्धनात्मक सामग्री प्रदर्शन एवं वितरण गरिएको थियो । कार्यक्रममा टूर अपरेटर्स वेलफेयर एसोसिएसन, इण्डियन एसोसिएसन अफ टुर अपरेटर्स, ट्राभल एजेन्ट्स एसोसिएसन अफ बंगाल, एसोसिएसन अफ बुद्धिस्ट टुर अपरेटर्स तथा एसोसिएसन अफ टुरिजम सर्भिस प्रोभाइडर्स अफ बंगालका प्रतिनिधिहरूको सहभागिता थियो । नाट्टा गण्डकीले यसअघि भारतको पटना, बाराणासी, अयोध्या, गोरखपुर र सिलुगुढीमा पोखराको पर्यटन प्रवर्द्धनसँगै 'बिटुबी' एवं 'सेल्स मिसन' आयोजना गरिसकेको छ ।

## कर्पोरेट

### सिद्धार्थ बैंकलाई अन्तर्राष्ट्रियस्तरको गोल्ड अवार्ड




**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेड अन्तर्राष्ट्रियस्तरको 'इन्फोसिस फिन्याकल इनोभेसन अवार्ड्स २०२६' अन्तर्गत 'म्याक्सिमम कस्टोमर इन्गेजमेन्ट-डिजिटल फर्स्ट बैंकिङ' विधामा गोल्ड अवार्डबाट सम्मानित भएको छ ।

विश्वभरका बैंक तथा वित्तीय संस्थाहरूले प्रविधि, नवप्रवर्तन तथा ग्राहक अनुभव अभिवृद्धिका क्षेत्रमा गरेका उत्कृष्ट अभ्यासहरूको मूल्यांकन गरी प्रदान गरिने उक्त अवार्डले बैंकको डिजिटल बैंकिङ क्षेत्रप्रतिको निरन्तर प्रतिबद्धता, ग्राहक केन्द्रित सेवा तथा उत्कृष्ट ग्राहक अनुभव प्रदान गर्ने प्रयासलाई अन्तर्राष्ट्रियस्तरमा सम्मान गरिएको बैंकले जनाएको छ ।

बैंकले आफ्ना ग्राहकहरूलाई सहज, सुरक्षित तथा आधुनिक बैंकिङ अनुभव प्रदान गर्ने उद्देश्यले विभिन्न डिजिटल सेवाहरूको विस्तार गर्दै आएको छ । मोबाइल बैंकिङ, क्युआर भुक्तानी, क्युआर कर्जा, भर्चुअल क्रेडिट कार्ड, डिजिटल खाता सञ्चालनलगायतका सेवामार्फत ग्राहकहरूलाई छिटो, सरल र सुविधाजनक बैंकिङ सेवा उपलब्ध गराउने बैंकको प्रयासलाई उक्त अवार्डले थप साहस र ऊर्जा प्रदान गरेको बैंकद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

### कुमारी क्यापिटलका कर्मचारीलाई एएमएल/सिएफटी तालिम

**काठमाडौं (प्रस)–** एएमएल नेपालले कुमारी क्यापिटल लिमिटेडका कर्मचारीहरूका लागि धितोपत्र बजार केन्द्रित एक दिने एएमएल/सिएफटी तालिम सञ्चालन गरेको छ । धितोपत्र बजार, विशेषगरी मर्चेन्ट बैंकिङ व्यवसायमा एएमएल/सिएफटीसम्बन्धी व्यावहारिक ज्ञान, नियामकीय दायित्व तथा अनुपालन क्षमताको अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको जानकारी दिइएको छ ।

कार्यक्रममा अन्तर्राष्ट्रिय एएमएल/सिएफटी अवधारणा, नेपालको कानुनी तथा नियामकीय व्यवस्था, धितोपत्र बोर्ड नेपाल (सेबोनका एएमएल निर्देशनअनुसार बजार मध्यस्थकर्ताहरूको भूमिका तथा जिम्मेवारी, साथै मर्चेन्ट बैंकरहरूको व्यावहारिक अनुपालन अपेक्षालगायतका विषयमा प्रस्तुति गरिएको थियो ।



तालिमको सहजीकरण विज्ञद्वय श्रीधर अधिकारी र लेखनाथ पोखरेलले गरेका थिए । कार्यक्रममा सहभागी कुमारी क्यापिटलका कर्मचारीहरूले नेपाली धितोपत्र बजारमा देखिएका वास्तविक अनुपालन चुनौतीहरू तथा उत्कृष्ट अभ्यासबारे सक्रिय छलफल गरेका थिए ।

### एम्बार्क बिजनेस इन्कुबेसन सर्भिसको 'डेमो डे' सम्पन्न



**काठमाडौं (प्रस)–** एम्बार्क कलेज र औद्योगिक उद्यम विकास प्रतिष्ठान (आइइडिआई) को संयुक्त आयोजनामा सञ्चालित एम्बार्क बिजनेस इन्कुबेसन सर्भिसको 'डेमो डे' सम्पन्न भएको छ ।

दुई महिनासम्म सञ्चालन गरिएको मास्टर क्लास, साप्ताहिक मेन्टरसिप तथा व्यावसायिक मोडेल परिस्कार कार्यक्रममा सहभागी नवउद्यमीहरूले लगानीकर्ता, उद्योगविज्ञ र सरोकारवालासमक्ष आफ्ना व्यावसायिक अवधारणा प्रस्तुत गरेका हुन् । कार्यक्रममा उद्यमशीलता, लगानी तथा उद्योग क्षेत्रका विज्ञ सम्मिलित निर्णायक मण्डलले सहभागी स्टार्टअपहरूको पिचिङ मूल्यांकन गरेको थियो ।

कार्यक्रममा 'फार्मर्ली' ले बेस्ट स्टार्टअप अवार्ड, 'मेरो इन्ट्रान्स'ले मुनसट आइडिया अवार्ड र 'नट्टी ब्लेण्ड' ले पपुलर च्वाइस अवार्ड प्राप्त गरेका छन् । औपचारिक सत्रपछि स्टल प्रदर्शनी, नेटवर्किङ तथा अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्स्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ